"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

## BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.


शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, नेपाल, फोन: ५०९३३२३, ५०९३४५५

इमेल: basic@mail.com.np, वेवसाईट: www.balkumarisaccos.com




BALKUMARI 20th AGM

# बीसौं वार्षिक साधारणसभा

२०७७ पुस १८ गते, शनिबार

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७६/०७७




### सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश

**नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरु**



ज्वरो
(१००.४ °F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या




रुघा र खोकी

**नोबेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने?**


नियमित रूपमा साबुन-पानीले हात धुने ।




खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।




फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



**कोरोना महामारीको संक्रमणबाट आफू बचौं, अरूलाई पनि बचाऔं**

"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, फोनः ५०९३३२३, ५०९३४५५

## सञ्चालक समिति



श्री तुईलाल श्रेष्ठ
अध्यक्ष



श्री पञ्चकृष्ण श्रेष्ठ
उपाध्यक्ष



श्री पृथ्वीराम श्रेष्ठ
सचिव



श्री सुदिप श्रेष्ठ
कोषाध्यक्ष



श्री जीवनहरि श्रेष्ठ
सञ्चालक



श्री शिबकृष्ण श्रेष्ठ
सञ्चालक



श्री जगतकृष्ण श्रेष्ठ
सञ्चालक



श्री भुवनचरण श्रेष्ठ
सञ्चालक



श्री सुशिला श्रेष्ठ
सञ्चालक



श्री विशेश्वर श्रेष्ठ
सञ्चालक



श्री रेनु श्रेष्ठ
सञ्चालक

## लेखासुपरीवेक्षण समिति



श्री जयलक्ष्मी श्रेष्ठ
संयोजक



श्री राधिका श्रेष्ठ
सदस्य



श्री श्यामलक्ष्मी जोशी
सदस्य

## ऋण उपसमिति



श्री पञ्चकृष्ण श्रेष्ठ
संयोजक



श्री कृष्णदेव जोशी
सदस्य



श्री सुनिलकुमार श्रेष्ठ
सदस्य

## खरिद उपसमिति



श्री पृथ्वीराम श्रेष्ठ
संयोजक



श्री सुदीप श्रेष्ठ
सदस्य



श्री जीवनहरि श्रेष्ठ
सदस्य

## ऋण असुली उपसमिति



श्री जगतकृष्ण श्रेष्ठ
संयोजक



श्री भुवनचरण श्रेष्ठ
सदस्य



श्री विशेश्वर श्रेष्ठ
सदस्य

## शिक्षा तथा स्वास्थ्य उपसमिति



श्री अम्बिका श्रेष्ठ
संयोजक

श्री बिजेन्द्र श्रेष्ठ
सचिव

श्री मदनकृष्ण श्रेष्ठ
सदस्य

श्री सुसन श्रेष्ठ
सदस्य

श्री सुमति साहु श्रेष्ठ
सदस्य

श्री कृतिका श्रेष्ठ
सदस्य

श्री तेजकृष्ण श्रेष्ठ
सदस्य

## महिला उपसमिति



श्री लिना श्रेष्ठ
संयोजक

श्री मीना श्रेष्ठ
सचिव

श्री बिमला श्रेष्ठ
सदस्य

श्री रुपा श्रेष्ठ
सदस्य

श्री सनु श्रेष्ठ
सदस्य

श्री सोनी श्रेष्ठ
सदस्य

श्री बिनिता जोशी
सदस्य

## प्रचार-प्रसार तथा प्रकाशन उपसमिति



श्री गणेशमान श्रेष्ठ
संयोजक

श्री आशिष श्रेष्ठ
सचिव

श्री चन्द्रलक्ष्मी श्रेष्ठ
सदस्य

श्री एलिना श्रेष्ठ
सदस्य

श्री सुमना नानी श्रेष्ठ
सदस्य

श्री सौरभ श्रेष्ठ
सदस्य

श्री लक्ष्मी शर्मा श्रेष्ठ
सदस्य

## युवा उपसमिति



श्री उज्वल श्रेष्ठ
संयोजक

श्री रमेश श्रेष्ठ
सचिव

श्री सुगन श्रेष्ठ
सदस्य

श्री सुमित श्रेष्ठ
सदस्य

श्री राजेश श्रेष्ठ
सदस्य

श्री प्रलिन श्रेष्ठ
सदस्य

श्री देव श्रेष्ठ
सदस्य

## सामाजिक तथा साँस्कृतिक उपसमिति



श्री पूर्णकेशरी श्रेष्ठ
संयोजक

श्री बसन्तदेवी श्रेष्ठ
सचिव

श्री श्यामबहादुर श्रेष्ठ
सदस्य

श्री तुल्सीभक्त लामा श्रेष्ठ
सदस्य

श्री चन्द्रमान श्रेष्ठ
सदस्य

श्री राजेश्वरी नानी श्रेष्ठ
सदस्य

श्री लक्ष्मी गोजा श्रेष्ठ
सदस्य

## कार्यरत कर्मचारीहरू



श्री सुजेन्द्र श्रेष्ठ
(व्यवस्थापक)

श्री रामकृष्ण श्रेष्ठ
(वरिष्ठ सहायक)

श्री बालकृष्ण श्रेष्ठ
(वरिष्ठ सहायक)

श्री केशवलाल श्रेष्ठ
(कार्यालय सहायक)

श्री राजेश श्रेष्ठ
(रिसेप्सनिष्ट)

श्री प्रविण श्रेष्ठ
(जुनियर सहायक)

श्री गंगा श्रेष्ठ
(जुनियर सहायक)



श्री नानीकेशरी प्रजापति
(जुनियर उपसहायक)

श्री प्रमिला श्रेष्ठ
(जुनियर बजार प्रतिनिधि)

श्री सविना तामाङ
(जुनियर बजार प्रतिनिधि)

श्री रुबिन श्रेष्ठ
(जुनियर बजार प्रतिनिधि)

श्री सरस्वती थापा श्रेष्ठ
(जुनियर बजार प्रतिनिधि)

श्री सुनिल श्रेष्ठ
(कार्यालय सहयोगी)

श्री चन्द्रशोभा कायस्थ
(कार्यालय सहयोगी)



संस्थाको २० औं स्थापना दिवस तथा १९ औं वार्षिक साधारणसभामा आमन्त्रित प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि तथा सञ्चालक समिति पदाधिकारी तथा सदस्यहरु ।



२०औं स्थापना दिवसको अवसरमा आयोजित खुल्ला रक्तदान कार्यक्रममा संस्थाका उपाध्यक्ष पंचकृष्ण श्रेष्ठ, सञ्चालक सदस्य जगतकृष्ण श्रेष्ठलगायत सदस्य तथा शुभेच्छुकहरु रक्तदान गर्दै ।



संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले सर-सफाईसम्बन्धी जानकारीमूलक कार्यक्रमका प्रशिक्षक स्वास्थ्य कार्यालय काभ्रेका कन्ट्रोल निरीक्षक परशुराम श्रेष्ठलाई मायाको चिनो प्रदान गर्नुहुँदै ।



संस्थाद्वारा आयोजित महिला कानूनी साक्षरतासम्बन्धी कार्यक्रममा संस्थाका सञ्चालक समितिका पदाधिकारी, उपसमितिका पदाधिकारी तथा प्रशिक्षक ।



लकडाउनका कारण दैनिक ज्याला मजदुरी गरी खाने श्रमिक तथा विपन्न परिवारका लागि संस्थाले राहत मध्यपुर थिमि नगरपालिकाका नगर प्रमुख मदनसुन्दर श्रेष्ठलाई हस्तान्तरण गर्दै ।




संस्थाद्वारा आयोजित वित्तिय साक्षरतासम्बन्धी अभिमुखीकरण कार्यक्रममा प्रशिक्षक राष्ट्रिय सहकारी बोर्डका विज्ञ सञ्चालक इन्दिरा पन्तका साथ पदाधिकारीहरु ।



**अन्तरक्रियात्मक सहकारी अध्ययन अवलोकन भ्रमणका क्रममा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ विकु साकोसबाट प्रदान गरिएको मायाको चिनो ग्रहण गर्दै ।**



मलेसियामा भएको Asian Credit Union Forum 2019 मा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ सहभागिता जनाउँदै ।



रसियामा भएको सहकारी सम्मेलनमा संस्थाका संस्थापक अध्यक्ष एवं सञ्चालक जीवनहरि श्रेष्ठ र निवर्तमान अध्यक्ष एवं सञ्चालक शिवकृष्ण श्रेष्ठ सहभागिता जनाउँदै ।



FMDI गुडगाउँ, भारतमा भएको तालिममा संस्थाका सञ्चालक सदस्य भुवनचरण श्रेष्ठ मायाको चिनो प्रदान गर्नुहुँदै ।

डि.स.का. दर्ता नं. ३३/०५७/०५८
स्थायी लेखा नं. ३००३२८६८०

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

नेफ्स्कून

"आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं ।"

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.
BALKUMARI SAVING & CREDIT CO-OPERATIVE LTD.

शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर, नेपाल, फोनः ५०९३३२३, ५०९३४५५
इमेलः basic@mail.com.np, वेवसाईटः www.balkumarisaccos.com

च.नं. २०६/०७७/०७८ मितिः २०७७।०८।२१

**आदरणीय शेयर सदस्य श्री** ........................................................

.............................................................................................

**विषयः २० औं वार्षिक साधारणसभामा उपस्थित हुने बारे ।**

यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०७७ मंसिर ६ गते, शनिबार बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कोभिड-१९ को संक्रमणको विषम परिस्थितिलाई मध्यनजर गर्दै सहकारी विभागद्वारा जारी निर्देशन र यस संस्थाको महामारीमा साधारणसभा संचालन कार्यविधि २०७७ बमोजिम **२० औं वार्षिक साधारणसभा** (**आ.व. २०७६/०७७**) मिति २०७७ पुस ५ गतेदेखि १८ गतेसम्म बिहान ११:०० बजेदेखि दिउँसो २ बजेसम्ममा सम्पन्न गरिने भएकोले निम्न मिति, समय र स्थानमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रमः**

मिति : **२०७७ पुस १८ गते, शनिबार**
समय : **बिहान ११:०० बजे**
स्थान : **शंखधर पार्टी प्यालेस, शंखधरचोक, मध्यपुर थिमि-४, भक्तपुर**

**छलफलका विषयहरुः-**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) आ.व. २०७६/०७७ को लेखापरीक्षकको आर्थिक प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।
३) आगामी वर्षका लागि लेखापरीक्षकको नियुक्ती तथा पारिश्रमिक तोक्ने ।
४) साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नका लागि शेयर सदस्यहरूमध्ये बाट बाह्र जना प्रतिनिधि तोक्ने ।
५) विनियम संशोधन बारे ।
६) कार्यक्षेत्र विस्तार बारे ।
७) समितिले नयाँ निर्माण गरेका कार्यविधिको अनुमोदन गर्ने ।
८) समितिले समय समयमा परिवर्तन गरेका ब्याजदर, विलम्ब शुल्क तथा अन्य विषयहरूमा गरेका निर्णयहरूलाई छलफल गरी अनुमोदन गर्ने ।
९) लाभांश वितरण बारे ।
१०) संरक्षित पूँजी फिर्ता बारे ।
११) वार्षिक बजेट तथा कार्ययोजना बारे ।
१२) विविध ।

पृथ्वीराम श्रेष्ठ
(सचिव)

**पुनश्चः**

१. साधारणसभामा उपस्थित शेयर सदस्यलाई परिवहन, मास्क, साबुन र कपडाको झोला वितरण हुने व्यहोरा अनुरोध गर्दै उपस्थितिका लागि सदस्यहरुले बचत तथा ऋण पासबुक, मुद्दती रसिद वा सदस्यता खुल्ने कागजात लिएर आउनुहुन अनुरोध छ।
२. सदस्यहरूले प्रतिवेदन अध्ययनका लागि संस्थाको वेवसाईट www.balkumarisaccos.com बाट download गरी प्राप्त गर्न सक्नु हुन्छ। मिति २०७७ पुस ५ गतेदेखि १७ गतेभित्र आफ्नो उपस्थित पालोमा उपस्थिति पुस्तिकामा हस्ताक्षर गरी २० औं वार्षिक साधारणसभाको प्रतिवेदनमाथि सल्लाह, सुझाव एवं आफ्ना राय भएमा सभा हुने स्थान र समयमा राखिएको रजिष्टर, सुझाव पेटिका र संस्थाको इमेलः basic@mail.com.np मा ईमेल गरी सहयोग गरिदिनुहुन अनुरोध छ।
३. २०७६ सालको एस.ई.ई. परिक्षामा उत्तीर्ण शेयर सदस्यका छोरा-छोरीहरूमध्ये सर्वोत्कृष्ट अंक ल्याई उत्तीर्ण हुनेलाई पुरस्कार र प्रशंसा-पत्र वितरण गर्ने भएको हुँदा २०७७ पुस ५ गते कार्यालय समयभित्र लब्धाङ्क-पत्र सहित निवेदन दिनुहुन अनुरोध छ।
४. बाल बचतकर्ताहरूलाई शैक्षिक सामाग्री उपहार निजको अभिभावकमार्फत उपलब्ध गराइने भएकोले बालबच्चालाई सभामा उपस्थित नगराउन अनुरोध गरिन्छ।

**वार्षिक साधारणसभा विद्युतीय सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण हुनेछ ।**

LIVE
https://www.facebook.com/balkumari.saccos.3

NAMASTE HD TELEVISION

**नेपाल सरकारले तोकिएको स्वास्थ्य मापदण्ड पालना गरी सामाजिक र भौतिक दुरी कायम गरौं। तल उल्लेखित तालिका अनुसार शंखधर पार्टी प्यालेस, मध्यपुर थिमि-४, भक्तपुरमा शेयर सदस्यहरू उपस्थिति भईदिनु हुन अनुरोध गरिन्छ।**

| मिति | सदस्य नं. | समय |
|---|---|---|
| २०७७ पुस ५ गते, आइतबार | सदस्य नं. १ देखि सदस्य नं. ५०० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस ६ गते, सोमबार | सदस्य नं. ५०१ देखि सदस्य नं. १००० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस ७ गते, मंगलबार | सदस्य नं. १००१ देखि सदस्य नं. १४५० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस ८ गते, बुधबार | सदस्य नं. १४५१ देखि सदस्य नं. १९०० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस ९ गते, बिहीबार | सदस्य नं. १९०१ देखि सदस्य नं. २३५० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १० गते, शुक्रबार | सदस्य नं. २३५१ देखि सदस्य नं. २८०० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस ११ गते, शनिबार | सदस्य नं. २८०१ देखि सदस्य नं. ३३०० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १२ गते, आइतबार | सदस्य नं. ३३०१ देखि सदस्य नं. ३७५० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १३ गते, सोमबार | सदस्य नं. ३७५१ देखि सदस्य नं. ४२०० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १४ गते, मंगलबार | सदस्य नं. ४२०१ देखि सदस्य नं. ४६५० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १५ गते, बुधबार | सदस्य नं. ४६५१ देखि सदस्य नं. ५१०० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १६ गते, बिहीबार | सदस्य नं. ५१०१ देखि सदस्य नं. ५५०० सम्म | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १७ गते, शुक्रबार | सदस्य नं. ५५०१ देखि बाँकी सबै सदस्यहरू | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |
| २०७७ पुस १८ गते, शनिबार | साधारणसभा समारोह | बिहान ११:०० बजेदेखि २:०० बजेसम्म |

# २० औं वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्ष तुईलाल श्रेष्ठको प्रतिवेदन आ.व. २०७६/०७७

बचत तथा ऋण सहकारी संस्थाका संस्थापक एफ. डब्लु राइफाइसनप्रति हार्दिक श्रद्धा व्यक्त गर्दछु। सन् १८५० मा जर्मनबाट सुरु भएको बचत तथा ऋण सहकारी अहिलेसम्मको अवस्थामा पुग्दा देशकै आर्थिक विकासको मेरुदण्डको रुपमा स्थापित हुन सफल भएको छ। बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २० औं वार्षिक साधारणसभा समारोहका प्रमुख अतिथि, अतिथि, सहकारी संस्थाका अध्यक्ष एवं प्रतिनिधिहरू, पत्रकार एवं सञ्चारकर्मीज्यूहरू, सञ्चालक समितिका साथीहरू, लेखासुपरीवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, बिभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरू यस संस्थाका संस्थापकज्यूहरू, निवर्तमान एवं पूर्व सञ्चालकज्यूहरू, कर्मचारीमित्र, आदरणीय शेयर सदस्यहरु एवं नमस्ते ख्वपः टिभि तथा सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण हेरिरहनु भएका आदरणीय शेयर सदस्य तथा शुभेच्छुक महानुभावहरूप्रति हार्दिक न्यानो अभिवादन व्यक्त गर्न चाहन्छु।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

२०५७ असोज २ गते सोमबारका दिन २८ जना जागरुक सहकारीप्रेमी महानुभावहरूबाट "आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारिताको भावनालाई जगाऔं" भन्ने मुल नाराका साथ ७ लाख रुपैया शेयर पूँजीबाट सुरु भएको बालकुमारी साकोस समुदायमा आधारित सहकारी संस्था हो। स्थापनाकालदेखि शेयर सदस्यहरूको आर्थिक तथा सामाजिक उन्नति र समुदायको हित र साँस्कृतिक उत्थानको लागि कतिबद्ध भई लागि परेको बालकुमारी साकोसलाई अहिलेसम्मको स्थितिमा पुऱ्याउन प्रत्यक्ष, अप्रत्यक्ष सहयोग गर्नु हुने शेयर सदस्य, शुभचिन्तक महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

विश्वमै महामारीको रुपमा फैलिएको कोरोनो भाइरस (कोभिड-१९) ले हाम्रो देशमा पनि ठूलो असर पऱ्यो। मानविय जीवन अत्यन्त कष्टकर बनियो। नेपाल सरकारबाट जनतालाई स्वस्थ पार्ने उद्देश्यले र कोभिड-१९ बाट बचावतका लागि पुरै देशभर बन्दाबन्दी घोषणा गरियो। सो बन्दाबन्दीको अवस्थामा शेयर सदस्यहरूलाई पर्न गएको समस्यालाई मध्य नजर गर्दै तिर्नु पर्ने ब्याजमा १०% छुट दिने निर्णय गरी कार्यान्वयन गरियो। हर्जाना शुल्क पुरै मिनाहा गरियो। कोराना संक्रमणबाट हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न नेपाल सरकारबाट जारी भएको सुरक्षा मापदण्ड अपनाई कर्मचारीहरूलाई पिपिईसेटको व्यवस्था गरी कोरोना बीमा समेत गरिएको यहाँहरूमा जानकारी दिन चाहन्छु। कार्यालय प्रवेश गर्ने बेला कारोबारका लागि आउनु भएका सदस्य तथा महानुभावहरूको थर्मलगनबाट ज्वरो नाप्ने, साबुन पानीले हात धुने, स्यानिटाइजर प्रयोग र भौतिक दुरी कायम गरी सो अवधिमा मापदण्डले तोकिए बमोजिम सिमित कर्मचारीहरू मात्र प्रयोग गरी सदस्य सुरक्षामा विशेष ध्यान दिएका थियौं। साथै बन्दाबन्दी, निषेधाज्ञा अवधिमा कार्यालय बन्द भएको समयमा सम्पर्क व्यक्ति तोकि सदस्यहरूलाई सहज वित्तिय कारोबार समेत गरिएको यहाँहरूमा जानकारी गराउन चाहन्छु।

संस्थाले यस कोरोना महामारीबाट बच्न सदस्यहरूलाई नेपाल सरकारबाट जारी गरिएको सुरक्षाको मापदण्ड अपनाऔं। आफू पनि सुरक्षित बनौं, अरुलाई पनि सुरक्षित बनाऔं। सकारात्मक सोचका साथ अघि बढौं, आत्मबल बढाऔं। भन्ने जानकारीमूलक सन्देश निरन्तर प्रचारप्रसार गर्दै सदस्यहरूमा सचेतना गर्ने कार्य गर्दै आएका छौं।

**आदरणीय शेयर सदस्य महानुभावहरू**

सरकारले एकद्वार प्रणाली अन्तरगत सहयोग गर्ने योजना अनुरुप बालकुमारी साकोसबाट मध्यपुर थिमि नगरपालिका, भक्तपुर नगरपालिका, सूर्यविनायक नगरपालिका र चाँगुनारायण न.पा.मार्फत बिपन्न वर्गलाई लक्षित गरी बन्दाबन्दीको समयमा खाद्यान्न अन्तरगत चामल सहयोग गरी सामाजिक उत्तरदायित्व बहन गर्दै आएको छ।

यसरी प्रतिकुल समयमा पनि संस्थालाई अघि बढाउन, समिति, उपसमिति र कर्मचारी मित्रहरू तथा माया ममता सद्भाव प्रकट गर्नु हुने शेयर सदस्य साथीहरू, शुभचिन्तक महानुभावहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं। संस्थाको प्रत्येक वर्ष सम्पन्न हुने साधारणसभा संस्थाको सर्वोच्च अंग हो। यस साधारणसभामा कोभिड-१९ को कारणले गर्दा हामी सदस्यहरूसँग गत वर्षहरू झै प्रत्यक्ष भेटघाट, जमघट हुन नपाएता पनि संस्थाको सम्पूर्ण व्यहोरा प्रतिवेदन मार्फत शेयर सदस्यहरूलाई जानकारी गराउन पाउँदा खुशी लागेको छ। शेयर सदस्य साथीहरूबाट संस्थाको प्रगतिका लागि सकारात्मक सुझाव, परामर्शको अपेक्षा गर्दछौं।

संस्थाको मार्गदर्शनको रुपमा रहेको सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी मापदण्ड २०६८, सहकारी विभागबाट जारी भएको निर्देशन, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)बाट जारी मार्गनिर्देशन, संस्थाको विनियम, निमावली र नीति-कार्यविधिहरूलाई मध्यनजर गर्दै शेयर सदस्यहरूको हितका लागि संस्था अघि बढेको जानकारी गराउन पाउँदा हर्ष महसुस भएको छ।

**आदरणीय शेयर सदस्य महानुभावहरू**

७ लाख पूँजीबाट सुरु भएको यस संस्थाको हाल शेयर पूँजी रु. १२,३९,७०,६००।- रहेको छ। २८ जना शेयर सदस्यबाट सुरु भएको संस्थामा हाल सदस्य संख्या पुरुष २६७२ महिला २२६९ र संस्थागत ६ गरी जम्मा ४९४७ सदस्य पुगिसकेको छ। संस्थामा निक्षेप रु. १,२९,९३,०८,९७८।- लगानी रु. १,०५,८२,१६,३१७।- जगेडा तथा अन्य कोष रु. ४,५५,३८,७२२।- कर्जा नोक्सानी व्यवस्था कोष रु. १,६१,३६,१४५।- तरलता रु. ३६,१६,०१,५७५।- खुद नाफा १,६४,२०,८३०।- गरी आ.व. २०७६/०७७ को असार मसान्तसम्ममा संस्थाको कुल कारोबर रु. १,५२,४६,२७,३१३।- रहेको र संस्थाले नेपाल सरकारलाई रु. ९६,९४,८६३।- राजश्व भुक्तानी समेत गरेको जानकारी गराउन चाहन्छु।

गत ४ वर्ष र आ.ब. २०७६/०७७ को आर्थिक गतिविधिको झलक तथा आगामी २०७७/०७८ को अनुमानित लक्ष्य प्रस्तुत गर्न चाहन्छु।

| विवरण | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ | आ.व. २०७४/०७५ |
|---|---|---|---|
| १. शेयर पूँजी | ५,१४,५९,३००।- | ५,८७,९२,६००।- | ६,८४,७६,७००।- |
| २. बचत (निक्षेप) | ८२,९८,०५,१०१।५३ | ९३,९०,५७,१३७।१४ | १,०५,०३,०५,३५८।०५ |
| ३. ऋण लगानी | ६४,५०,७८,९३२।- | ७७,०८,२९,०१०।- | ८०,९०,००,५७६।- |
| ४. नाफा | १,०१,३८,६७२।४६ | १,२२,५५,२९१।१६ | १,२९,५५,७०४।९१ |
| ५. जगेडा तथा अन्य कोष | २,३६,८२,२५९।- | २,६२,०८,२८५।६७ | ३,११,९५,१६३।५३ |
| ६. राजश्व भुक्तानी | ८६,९२,०००।- | ९३,६७,६७९।- | १,१५,५२,१३०।४२ |
| ७. शेयर सदस्य संख्या | ४,०९१ | ४,४३१ | ४,६२३ |
| ८. तरलता | २३,७७,८९,९९६।९२ | २३,५१,०१,३५३।८५ | ३१,१५,५०,७६९।५४ |
| ९. कर्जा नोक्सानी व्यवस्था | ९९,२०,९७२।- | १,०७,८९,३५५।- | १,३२,०२,१२४।- |
| १०. जम्मा कारोबार रकम | ९३,२०,२४,३८७।३५ | १०,५७,५७६,८४३।४८ | १,१८,९२,८६,९२७.६८ |

| विवरण | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ | आ.व. २०७७/०७८ अनुमानित लक्ष्य |
|---|---|---|---|
| १. शेयर पूँजी | ८,४७,६१,३००।- | १२,३९,७०,६००।- | १२,८०,००,०००।- |
| २. बचत (निक्षेप) | १,१८,२३,४३,६२१।- | १,२९,९३,०८,९७८।- | १,४५,५०,००,०००।- |
| ३. ऋण लगानी | ९५,२२,२७,६०८।- | १,०५,८२,१६,३१७।- | १,३०,१४,००,०००।- |
| ४. नाफा | १,६७,२४,६०५।- | १,७४,८१,४३४।- | २,६४,००,०००।- |
| ५. जगेडा तथा अन्य कोष | ४,०२,१५,५१८।- | ४,५५,३८,७२२।- | ५,८३,००,०००।- |
| ६. राजश्व भुक्तानी | ९७,१९,२६१।- | ९६,९४,८६३।- | नियमानुसार |
| ७. शेयर सदस्य संख्या | ४,७९५ | ४९४७ | ५,५०० |
| ८. तरलता | ३१,२४,७७,३७२।- | ३६,१६,०१,५७५।- | २८,२४,००,०००।- |
| ९. कर्जा नोक्सानी व्यवस्था | १,५७,९३,११३।- | १,६१,३६,१४५।- | नियमानुसार |
| १०. जम्मा कारोबार रकम | १,३४,११,९४,५००।- | १,५२,४६,२७,३१३।- | १,७०,००,००,०००।- |

संस्थाले आ.व. २०७६/७७ मा गरेको कार्यक्रमिक प्रगति विवरण सचिवको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख भएको र संस्थाको आर्थिक अवस्था कोषाध्यक्षको प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख भएको व्यहोरा अनुरोध छ।

**आदरणीय शेयर सदस्य महानुभावहरू**

अब म आ.व. २०७७/०७८ मा गर्ने कार्ययोजना प्रस्तुत गर्न चाहन्छु।

१. संस्थाको आवश्यकता अनुसार शेयर पूँजी बृद्धि गर्दै जाने।
२. कर्मचारीको क्षमता अभिबृद्धिका लागि तालिम तथा पुर्नताजकिकरण कार्यक्रम सञ्चालन गर्ने।
३. संस्थामा नयाँ सफ्टवेयर, एसएमएस, मोबाइल बैंकिङ्ग लगायत नयाँ प्रविधिहरू मार्फत सदस्यहरूलाई थप सेवा सुविधा प्रदान गर्ने।
४. सदस्यहरूको जोखिम न्यूनिकरणका लागि सदस्य बीमा सञ्चालन गर्ने।
५. संस्थाको डायरी, बुलेटिन तथा स्मारिका प्रकाशन गर्ने।
६. संस्थाले प्रकाशन गर्दै आएको क्यालेण्डर प्रकाशनलाई निरन्तरता दिने।
७. संस्थाले प्रत्येक वर्ष साधारणसभाको दिन गर्दै आएको जेष्ठ सदस्यहरूलाई सम्मान, शेयर सदस्यका छोराछोरी मध्ये एसईईमा उत्कृष्ट अंक ल्याउने एक छात्र र एक छात्रालाई सम्मान र आदर्श माध्यमिक विद्यालय, लायृकू, थिमिमा अध्यनरत दुई जना विद्यार्थीहरूलाई दिंदै आएको बालकुमारी छात्रबृद्धि लाई निरन्तरता दिने।
८. सदस्यहरूलाई उद्यमी बनाउन उद्यमशिलता तालिम सञ्चालन गरी व्यवसाय सञ्चालनका लागि प्रोत्साहन गर्ने।
९. सञ्चालकहरूलाई CUDCC तालिम सञ्चालन गर्ने।
१०. समय परिस्थिति अनुसार सञ्चालक समिति, लेखासुपरीवेक्षण समिति, बिभिन्न उपसमिति तथा शेयर सदस्यहरूलाई तालिम दिई क्षमता बृद्धि गर्ने।
११. आन्तरिक पर्यटनलाई प्रोत्साहन दिन सहकारी अध्ययन अवलोकन भ्रमणलाई निरन्तरता दिने।
१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा-समारोह, तालिम, गोष्ठी र भ्रमणलाई निरन्तरता दिने।
१३. जेष्ठ शेयर सदस्यहरूलाई धार्मिक अवलोकन भ्रमण गराउने।
१४. सेवा केन्द्र स्थापना गर्ने निर्णयलाई कार्यान्वयन गर्दै जाने।
१५. प्रत्येक आ.व.मा संस्थाको उपसमितिहरूलाई दुई दुई वटा कार्यक्रम सञ्चालनको जिम्मा दिंदै आएकोमा नेपाल सरकारले सभासम्मेलन तथा भेला गर्न निषेध गरिएकोले सञ्चालक समितिले समय परिस्थितिलाई मध्यनजर गरी आवश्यकता अनुसार उपसमितिहरूलाई कार्यक्रम दिई आ.व. २०७७/०७८ मा कार्यक्रमहरू सञ्चालन गर्ने।

**अन्तमा,**

बालकुमारी साकोसको २० औं साधारणसभामा आफ्नो व्यस्त समयका बावजुद उपस्थित हुनु भएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि महानुभावहरू, शेयर सदस्य, पत्रकार र शुभचिन्तक तथा नमस्ते ख्वपः टिभि र समाजिक सञ्जालबाट प्रत्यक्ष हेरिरहनु भएका सदस्य तथा शुभेच्छुक महानुभावहरूप्रति हार्दिक धन्यबाद ज्ञापन गर्दै कोरोनाबाट आफू बचौं, अरुलाई पनि बचाऔं, नेपाल सरकार, स्थानीय सरकारबाट जारी गरिएको सुरक्षा मापदण्डलाई अपनाऔं। स्वस्थ बनौं, निरोगी रहौं। सहकारी अभियानलाई अघि बढाऔं। जय सहकारी।

तुईलाल श्रेष्ठ
अध्यक्ष

# २० औं वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत सचिव पृथ्वीराम श्रेष्ठको आ.व. २०७६/०७७ को प्रतिवेदन

यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २० औं वार्षिक साधारणसभाका सभापति एवं संस्थाका अध्यक्ष श्री तुईलाल श्रेष्ठज्यू, प्रमुख अतिथि, विशिष्ट अतिथिज्यू, अतिथि महानुभावहरू, विभिन्न सहकारी संस्थाका अध्यक्ष एवं प्रतिनिधिज्यूहरू, सञ्चालक समितिका पदाधिकारी, सञ्चालक साथीहरू, लेखासुपरीवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू, निवर्तमान एवं पूर्वसञ्चालकज्यूहरू, पत्रकारज्यूहरू, शेयर सदस्य महानुभावहरू, संस्थाका कर्तव्यनिष्ठ कर्मचारी मित्रहरू एवं नमस्ते ख्वप टिभि तथा सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण हेरिरहनु भएका सम्पूर्ण शेयर सदस्य तथा शुभचिन्तक महानुभावहरु प्रति सुस्वास्थ्य तथा दीर्घायुको कामनासहित हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु।

मध्यपुर थिमि क्षेत्रका जुझारु २८ जना अग्रज यस संस्थाका संस्थापकज्यूहरूले 'आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नतिका लागि सहकारीताको भावनालाई जगाऔं' भन्ने मूल नाराका साथ मध्यपुर थिमि र आसपासका क्षेत्रमा छरिएर रहेका पुँजीलाई एकत्रित गरी सहकारी मूल्य, मान्यता, सिद्धान्त र नीति-नियमबमोजिम सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नति गर्ने उद्देश्यले यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लिमिटेड स्थापना गरिएको हो। तत्कालीन जिल्ला सहकारी कार्यालय भक्तपुरमा मिति २०५७ असोज २ गते सोमबारका दिन संस्थालाई विधिवत् दर्ता गरी स्थापनाकालदेखि सदस्यहरूकै सुझाव तथा सल्लाहबमोजिम सामाजिक उत्तरदायित्व निर्वाह गरी संस्थाले प्रगति गर्दै आइरहेको छ। विगतमा झैं आगामी दिनहरूमा समेत यहाँहरूको अलौकिक सदिच्छाको अविरल आशासहित सहकारी मूल्य, मान्यता र आदर्शअनुरुप समुदायमा आधारित यस संस्थाले गुणस्तरीय र विश्वसनीयतामा पूर्ण सचेत भई बचत तथा ऋणको माध्यमबाट वित्तीय कारोबार गर्दै आइरहेका छौं। आशा छ, सम्पूर्ण शेयर सदस्य एवं शुभेच्छुकहरूको माया, ममता, सद्भाव र सकारात्मक सुझावको सदैव अपेक्षा राखेका छौं।

विश्वमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण आर्थिक रूपमा जनजीवनमा प्रभाव पारिएको हामी सबैलाई ज्ञात नै छ। यस कोभिड-१९ को संक्रमणले हाम्रो परिवारका सदस्य तथा छिमेकी दाजुभाइहरूलाई समेत असर गरिसकेको अवस्था र संस्थाका शेयर सदस्यहरूमा समेत कोरोना संक्रमण भएको हामीले जानकारी पाएका छौं। म संक्रमित सम्पूर्ण सदस्य तथा महानुभावहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु साथै कोरोना संक्रमणबाट मृत्यु भएका शेयर सदस्यहरूमा हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं।

यस विषम परिस्थितिमा कोरोना महामारीलाई परास्त गर्न सम्पूर्ण शेयर सदस्य तथा महानुभावहरूले नेपाल सरकारले लागु गरेको स्वास्थ्य मापदण्ड पूर्ण पालना गरी सजग, सचेत र सहयोगी हुनका लागि अनुरोध गर्न चाहन्छौं।

**आदरणीय शेयर सदस्य महानुभावहरू,**

अब म यस गरीमामय साधारणसभामा यस संस्थाले आ.व. २०७६/०७७ मा भए/गरेका गतिविधि र कार्यक्रमिक प्रगति विवरण बुँदागत रूपमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

**वार्षिक समीक्षा बैठक**

ललितपुरस्थित गोदावरी रिसोर्टमा मिति २०७६ साउन १९ गते संस्थाको आ.व. २०७५/०७६ को वित्तीय सूचाकाङ्कहरू, नाफा नोक्सान, वासलात आदिसम्बन्धी सञ्चालक समिति र कर्मचारीबीच एकदिने समीक्षा बैठक सम्पन्न भएको थियो। उक्त समीक्षा बैठकको अध्यक्षता संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले गर्नु भएको थियो।

**बजेट योजना गोष्ठी**

संस्थाले आ.व. २०७६/०७७ को बजेट योजना गोष्ठी मिति २०७६ साउन २२ गते, बुधबार सम्पन्न भएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले गोष्ठी उद्घाटन गर्नुहुँदै संस्थाको दिगो विकासका लागि बजेट योजना गोष्ठीले महत्वपूर्ण

भूमिका खेल्ने बताउनुभयो । अध्यक्ष श्रेष्ठको सभापतित्वमा सम्पन्न गोष्ठीमा उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठ, सचिव पृथ्वीराम श्रेष्ठ, कोषाध्यक्ष सुदिप श्रेष्ठलगायतले बजेट योजनाबारे प्रकाश पार्नु भएको थियो । संस्थाको सभाहलमा सम्पन्न उक्त गोष्ठीमा सञ्चालक समिति, लेखासुपरीवेक्षण समिति, ऋण उपसमिति तथा संस्थाका विभिन्न उपसमितिका पदाधिकारी, सदस्यहरू र संस्थाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

**तरलता व्यवस्थापनसम्बन्धी छलफल कार्यक्रम**

संस्थाको तरलतालाई व्यवस्थापन गर्नका लागि शेयर सदस्यहरूबीच मिति २०७६ भाद्र ३० गते, सोमबारका दिन तरलता व्यवस्थापनसम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो । संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठ, सचिव पृथ्वीराम श्रेष्ठ, कोषाध्यक्ष सुदिप श्रेष्ठलगायतले तरलता व्यवस्थापनबारे प्रकाश पार्नु भएको थियो । उक्त अवसरमा शेयर सदस्यहरू मुकुन्दकृष्ण श्रेष्ठ, दिगम्बर श्रेष्ठ, सुनिलकुमार श्रेष्ठ, रामकृष्ण तामसः श्रेष्ठ, सुमित श्रेष्ठ, रमेशकुमार श्रेष्ठ र अम्बिका श्रेष्ठलगायतले तरलता व्यवस्थापका लागि सुझावहरू दिनुभएको थियो ।

**२० औं स्थापना दिवस**

मिति २०७६ असोज २ गते स्थापना भएको बालकुमारी साकोसको २० औं स्थापना दिवस निम्न कार्यक्रमहरू गरी भव्य रूपमा सम्पन्न भएको थियो ।

– **रक्तदान कार्यक्रम**

२० औं स्थापना दिवसको उपलक्ष्यमा मिति २०७६ भाद्र २८ गते, शनिबार मध्यपुर थिमिस्थित शंखधरचोकमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको थियो । संस्थाको गौरवमय दुई दशकको अवसरमा आयोजित कार्यक्रममा १०० जना शेयर सदस्य, शुभेच्छुकहरूले रक्तदान गर्नु भएको थियो । रक्तदाताहरूलाई संस्थाले प्रमाणपत्र, आकर्षक टी-सर्ट, रक्तदान लकेट, सोही स्थानमा रक्तदान गरेकै अवस्थामा खिचिएको फोटो प्रिन्ट गरेर दिएको थियो । नेपाल रेडक्रस सोसाइटी भक्तपुर, रक्तसञ्चार सेवाको प्राविधिक सहयोगमा उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

– **दीप प्रज्वलन कार्यक्रम**

२० औं स्थापना दिवसको अवसरमा प्रत्येक वर्षझैं मिति २०७६ असोज २ गते बालकुमारी मन्दिरमा दीप प्रज्वलन कार्यक्रमको आयोजना गरिएको थियो । मध्यपुर थिमि नगरपालिका वडा नं. ४ का वडाअध्यक्ष कुमार श्रेष्ठसमेत सहभागिता रहेको उक्त दीप प्रज्वलन कार्यक्रममा समय्बजी पनि वितरण गरिएको थियो ।

**१९ औं वार्षिक साधारणसभा तथा २० औं स्थापना दिवस समारोह**

संस्थाको १९ औं वार्षिक साधारणसभा तथा २० औं स्थापना दिवस समारोह मिति २०७६ असोज २ गते राष्ट्रिय सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेको प्रमुख आतिथ्यतामा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न भएको थियो ।

पानसमा दीप प्रज्वलन गरी प्रमुख अतिथि सहकारी विभागका रजिष्ट्रार डा. टोकराज पाण्डेले सभाको उद्घाटन गर्नु भएको थियो । सभामा बोल्दै प्रमुख अतिथिले सहकारीले समुदायमा आधारित भएर सदस्यहरूलाई बढीभन्दा बढी सेवा दिनुपर्ने बताउनु भएको थियो । सहकारीमा सन्दर्भ ब्याजदर तोक्नु सान्दर्भिक भएको भन्दै प्रमुख अतिथि पाण्डेले अब सहकारीहरू भाग्नुपर्ने अवस्था नआउने बताएका थिए । उक्त अवसरमा पाण्डेले सहकारीमा सम्पत्ति शुद्धिकरण, सहकारी ऐन र नियमावलीका विषयमा चर्चा गर्नु भएको थियो ।

सभाका विशिष्ट अतिथि एवं नेफस्कुनका अध्यक्ष डीबी बस्नेतले नेफस्कुनमा आवद्ध सहकारी संस्थाहरू सुरक्षित रहेको बताउँदै, नीति, विधि र प्रविधिमा चलेका संस्था दीगो हुने बताउनु भयो । त्यसैगरी सभाका विशिष्ट अतिथि एवं मध्यपुर थिमि नगरपालिकाका नगरप्रमुख मदनसुन्दर श्रेष्ठले बालकुमारी साकोसले गरेको गतिविधिले नै यसको परिचय दिइसकेको उल्लेख गरे । बालकुमारी साकोस यस क्षेत्रको पुरानो संस्थाको रूपमा रहेको र विगतमा बैंकबाट ऋण पाउन नसकेको अवस्थामा सहज रूपमा ऋण उपलब्ध गराई स्थानीयको आर्थिक उन्नतिका लागि सेवा दिएको उनले स्मरण गरे । अहिले मुलुकमा ३ वटा सरकार भएको उल्लेख गर्दै उहाँले प्रत्येक स्थानीय तहले मौलिक नियम-कानुन बनाएर लागु गर्न सक्ने भएकाले सबै

नगरपालिकामा एउटै प्रकारको ऐननियम खोज्न नहुने नगरप्रमुख श्रेष्ठको जोड थियो ।

त्यसैगरी सभाका अतिथि एवं भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका उपाध्यक्ष हरि बल्लले ऐनले समयसीमा तोकेरै एक व्यक्ति एक संस्थाको अवधारणा ल्याएको तर सहकारी अभियानका लागि महत्वपूर्ण मानिएको कर्जा असुली न्यायाधीकरण र कालोसूचीका विषयमा किन समय नतोकेको भन्ने प्रश्न गरे । सन्दर्भ ब्याजदर पुनरावलोकन गर्न सरकार तयार हुने तर एउटै व्यक्ति धेरै संस्थामा सदस्य रहन पाउने गरी ऐन परिमार्जन गर्न किन तयार नभएको भन्ने उनको भनाई थियो ।

सभामा जिल्ला सहकारी संघ भक्तपुरका अध्यक्ष महेश श्रेष्ठ, मध्यपुर थिमि नगरपालिका-४ का अध्यक्ष कुमार श्रेष्ठ, बाबा साकोसका सञ्चालक ज्ञानराम श्रेष्ठलगायतले शुभकामना मन्तव्य दिँदै सहकारीले सदस्यको आर्थिक सामाजिक रुपान्तरणमा काम गर्नुपर्नेमा जोड दिएका थिए ।

२०५७ असोज २ गते २८ जना सदस्यहरूले ७ लाख रुपियाँ पुँजीबाट सुरु गरेको यो संस्थालाई भक्तपुर जिल्लाकै विशिष्ट सहकारीको रूपमा स्थापित गर्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु हुने शेयर सदस्य एवं शुभचिन्तक महानुभावहरूप्रति सभामा प्रतिवेदन प्रस्तुत गर्नुहुँदै संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले आभार व्यक्त गर्नु भएको थियो । सदस्यहरूको विश्वास, नियामक निकाय तथा छाता संगठनको मार्गदर्शनका कारण संस्थाले सफलतापूर्वक दुई दशक पार गरेको अध्यक्ष श्रेष्ठले बताउनु भएको थियो ।

संस्थाका उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठले स्वागत र सचिव पृथ्वीराम श्रेष्ठले सञ्चालन गरेको साधारणसभामा संस्थाका कोषाध्यक्ष सुदिप श्रेष्ठले संस्थाको आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

सभामा प्रमुख अतिथि पाण्डेले संस्थाका ज्येष्ठ सदस्यहरू बिष्णुबहादुर श्रेष्ठ, चन्द्रबहादुर ख्याः श्रेष्ठ, हिरालक्ष्मी रंजितकार र तेजमाया श्रेष्ठलाई दोसल्ला ओढाई नगदसहित सम्मान गर्नु भएको थियो । यसैगरी शेयर सदस्यका छोरा-छोरीमध्येबाट एसईई परीक्षामा सबैभन्दा बढी अंक ल्याई उत्तीर्ण हुन सफल शेयर सदस्य बालगोपाल श्रेष्ठका छोरा कृष्ण श्रेष्ठ (३.९ जीपीए) र शेयर सदस्य रजनी श्रेष्ठकी छोरी जिनी श्रेष्ठ (३.९ जीपीए) लाई पनि नगदसहित प्रशंसा-पत्र प्रदान गरिएको थियो ।

सोही अवसरमा संस्थाले २०७५/०७६ मा बालकुमारी साकोसले आयोजित विभिन्न तालिम, प्रतियोगिता तथा शिविरमा योगदान पुऱ्याउनु भएका डा. जुनु श्रेष्ठ, डा. सदीक्षा श्रेष्ठ, रविन रिजाल, संगीता खड्गी, रुपेश श्रेष्ठ, सजना नकर्मी, एल.पी. भानु शर्मा, डा. विनायक ढुङ्गेल, सुनिलकुमार श्रेष्ठ, उज्वल श्रेष्ठ, नेफ्स्कुन प्रशासन विभाग प्रमुख शिव अधिकारी र नेफ्स्कुन सदस्य सेवा विभाग प्रमुख दुर्गाप्रसाद ढकाललाई कदर-पत्रसहित सम्मान गरिएको थियो ।

**शुभकामना आदान–प्रदान कार्यक्रम**

शुभ विजयादशमी, दीपावली २०७६, नेपाल संवत् ११४० तथा छठ पर्वको पावन अवसरमा संस्थाका शेयर सदस्यहरूबीच मिति २०७६ असोज १६ गते संस्थाको सभाहलमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको थियो ।

**लक्ष्मीपूजा**

२०७६ कार्तिक १० गते संस्थाको कार्यालयमा लक्ष्मीपूजा सम्पन्न भयो । लक्ष्मीपूजाको अवसरमा संस्थाका सञ्चालक समितिका पदाधिकारी, सञ्चालक, लेखासुपरीवेक्षण समितिका संयोजक, सदस्य र कर्मचारीहरू लक्ष्मीपूजामा सहभागिता हुनु भएको थियो ।

**वृहत् निःशुल्क दन्त शिविर**

संस्थाको शिक्षा तथा स्वास्थ्य उपसमितिको अयोजनामा मिति २०७६ कार्तिक १६ गते वृहत् निःशुल्क दन्त शिविर सम्पन्न गरिएको थियो । स्थानीय शंखधर पार्टी प्यालेसमा सञ्चालित उक्त शिविरमा भक्तपुर जिल्लाका विभिन्न क्षेत्रबाट दन्त परीक्षणका लागि सदस्य तथा शुभेच्छुक महानुभावहरूको सहभागिता रहेको थियो । शिविरमा १४ वर्षमुनिका बालबालिकाहरूलाई दाँतमा छिट्टै किरा लाग्नबाट जोगाउन Fluoride Application द्वारा उपचार, दन्तसम्बन्धी विरामीहरूलाई परीक्षण तथा विशेषज्ञ परामर्श, दाँत निकाल्नेलगायतका सेवाका साथै औषधीसमेत निःशुल्क वितरण गरिएको थियो ।

संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न शिविर समापन समारोहमा संस्थाका उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठले स्वागत र शिक्षा तथा स्वास्थ्य उपसमितिका सचिव विजेन्द्र श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु भएको थियो। काठमाडौं मेडिकल कलेजका विशेषज्ञ डाक्टरहरू डा. उज्ज्वल जोशी, डा. मेघा प्रधानसहितको सहभागितामा सञ्चालित शिविरमा डेन्टल आर्ट मल्टीस्पेशिलिष्ट क्लिनिकले प्राविधिक सहयोग गर्नु भएको थियो। शिविरमा सहभागी टोलीलाई संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले मायाको चिनो प्रदान गर्नु भएको थियो।

**सर–सफाईसम्बन्धी अभिमुखिकरण**

शिक्षा तथा स्वास्थ्य उपसमितिको आयोजनामा मिति २०७६ मंसिर ७ गते सर-सफाईसम्बन्धी अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो। संस्थाको सभाहलमा सञ्चालित उक्त कार्यक्रममा सहभागीहरूलाई फोहोरको कारणबाट हुने महामारी तथा प्रकोपसम्बन्धी जानकारी तथा सर-सफाईबारे स्वास्थ्य कार्यालय काभ्रेका कन्ट्रोल निरीक्षक परशुराम श्रेष्ठले प्रशिक्षण दिनु भएको थियो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठले स्वागत तथा उपसमितिका संयोजक पूर्णकेशरी श्रेष्ठले धन्यवाद व्यक्त गर्नु भएको थियो। समापन कार्यक्रम उपसमितिका सचिव वसन्तदेवी श्रेष्ठले सञ्चालन गर्नु भएको थियो।

**कर्मचारी क्षमता अभिवृद्धि तथा उत्प्रेरणा तालिम**

संस्थाका क्रियाशिल कर्मचारीहरूका लागि मिति २०७६ मंसिर २१ गते एकदिने कर्मचारी क्षमता अभिवृद्धि तथा उत्प्रेरणा तालिम सम्पन्न भएको थियो। कार्यक्रममा तालिमका प्रशिक्षक नेफ्स्कुनका व्यवसाय विभाग प्रमुख सञ्जयराज तिमिल्सिनाले सहकारी कर्मचारीहरू दक्ष तथा व्यावसायिक हुनुपर्नेमा जोड दिनु भएको थियो। कर्मचारीहरूले सकारात्मक सोच र दृढ विश्वासका साथ आफ्नो दैनिक कार्यमा लाग्नुपर्ने उहाँले बताउनुभयो। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको समापन कार्यक्रममा अध्यक्ष श्रेष्ठले कर्मचारीहरूले तालिममा सिकेका ज्ञानहरू व्यवहारमा प्रयोग गरी संस्थाको विकासमा टेवा पुऱ्याउनुपर्ने बताउनु भएको थियो। तालिममा सहभागी कर्मचारीहरूलाई प्रशिक्षक तिमिल्सिनाले प्रमाणपत्र वितरण गर्नु भएको उक्त समापन कार्यक्रममा संस्थाका उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठले स्वागत तथा संस्थाका सचिव पृथ्वीराम श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु भएको थियो।

**महिला कानुनी साक्षरता कार्यक्रम**

महिला उपसमितिको आयोजनामा मिति २०७६ पुस १२ गते, शनिबार महिला शेयर सदस्य तथा शुभेच्छुकहरूलाई लक्षित गरी महिला कानुनी साक्षरता कार्यक्रमको आयोजना गरिएको छ। संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले उद्घाटन गर्नु भएको उक्त कार्यक्रमका स्रोतव्यक्ति अधिवक्ता सुमिता डंगोलले महिलाहरूलाई सम्पत्तिको अधिकार, यौनहिंसा, घरेलुहिंसा, लैंगिक अधिकारलगायतका कानुनसम्बन्धी जानकारी दिनु भएको थियो। अध्यक्ष श्रेष्ठको सभापतित्वमा सञ्चालित कार्यक्रममा संस्थाका उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठले स्वागत, महिला उपसमितिका संयोजक लीना श्रेष्ठले धन्यवाद र कार्यक्रम सञ्चालन उपसमितिका सचिव मीना श्रेष्ठले गर्नु भएको थियो।

**नयाँ सफ्टवेयरका लागि सम्झौता**

यस संस्थाका शेयर सदस्यहरूलाई नयाँ-नयाँ प्रविधिमार्फत सेवासुविधा दिनका लागि मिति २०७६ पुस १४ गते, इन्फो डेभलोपर्स प्रा.लि. सँग इन्भिनिटी सफ्टवेयर जडान गर्ने सम्झौता सम्पन्न भयो। उक्त अवसरमा संस्थाका तर्फबाट अध्यक्ष तुईलाल श्रेष्ठ र सफ्टवेयर कम्पनीको तर्फबाट सीईओ उमेश राजभण्डारीले सम्झौता-पत्रमा हस्ताक्षर गर्नु भएको थियो। उक्त सम्झौताको अवसरमा संस्थाका सचिव पृथ्वीराम श्रेष्ठ, संस्थापक अध्यक्ष तथा सञ्चालक सदस्य जीवनहरि श्रेष्ठ, पूर्व अध्यक्ष एवं सञ्चालक सदस्य जगतकृष्ण श्रेष्ठ, सञ्चालक सदस्य विशेश्वर श्रेष्ठ तथा व्यवस्थापक सुजेन्द्र श्रेष्ठ सहभागिता रहेको थियो।

**भवन निर्माण सम्पन्न पूजा**

संस्थाको थप भवन निर्माण सम्पन्न भएको उपलक्ष्यमा मिति २०७६ माघ ४ गते भवन सम्पन्न पूजाको आयोजना गरिएको थियो। उक्त अवसरमा संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न समिति, कर्मचारी तथा सदस्यहरूको

सहभागिता रहेको थियो । पूजामा भवन निर्माणका क्रममा सहयोग पुऱ्याउनु भएका निर्माण कम्पनीलगायतका महानुभावहरूको पनि सहभागिता रहेको थियो ।

**अर्धवार्षिक समीक्षा बैठक**

संस्थाको आ.व. २०७६/०७७ को अर्धवार्षिक समीक्षा बैठक मिति २०७६ माघ ११ गते सम्पन्न भयो । संस्थाको अध्यक्ष तुईलाल श्रेष्ठको अध्यक्षतामा भएको उक्त समीक्षा बैठकमा सचिव पृथ्वीराम श्रेष्ठले कार्यक्रमिक प्रगति विवरण तथा कोषाध्यक्ष सुदिप श्रेष्ठले वार्षिक बजेटअनुसार कार्य प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो । संस्थाको सभाहलमा सम्पन्न समीक्षा बैठकमा सहभागिताहरूलाई संस्थाका संस्थापक अध्यक्ष तथा सञ्चालक सदस्य जीवनहरि श्रेष्ठले स्वागत गर्नु भएको थियो ।

**वित्तीय साक्षरतासम्बन्धी अभिमुखिकरण कार्यक्रम**

संस्थाको शिक्षा तथा स्वास्थ्य उपसमितिको आयोजनामा मिति २०७६ माघ १८ गते सदस्यहरूका लागि वित्तीय साक्षरतासम्बन्धी अभिमुखीकरण गरिएको थियो । संस्थाको सभाहलमा सञ्चालित कार्यक्रममा राष्ट्रिय सहकारी बोर्डका विज्ञ सञ्चालक इन्दिरा पन्तले वित्तीय साक्षरताबारे प्रकाश पार्नु हुँदै सदस्यहरूको जीवनमा योजना, बचत र लगानीलाई व्यवस्थापन गर्न सके वित्तीय रूपमा सफल र सबल हुनेमा जोड दिनु भएको थियो । बचतको माध्यमबाट मितव्ययी, सक्षम, उद्यमशील बन्न प्रेरित भई भावी दिनमा सफलता प्राप्त गर्न सकिने र आर्थिक समृद्धिमा समेत टेवा पुग्ने उहाँले बताउनुभयो । संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा सञ्चालित कार्यक्रममा संस्थापक अध्यक्ष एवं सञ्चालक जीवनहरि श्रेष्ठले संस्थाको गतिविधिहरूबारे जानकारी दिनु भएको थियो । कार्यक्रममा उपसमितिका संयोजक अम्बिका श्रेष्ठले धन्यवाद र उपसमितिका सचिव विजेन्द्र श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

**जिल्लाव्यापी नृत्य प्रतियोगिता**

मिति २०७६ फागुन १७ गते भएको भक्तपुर जिल्लाव्यापी नृत्य प्रतियोगितामा मध्यपुर थिमि दुईपोखरीस्थित नवरत्न ईङ्गलिस स्कूलले प्रथम स्थान हासिल गरेको थियो । उक्त प्रतियोगितामा लर्डबुद्ध स्कूल र एक्टिभ ई. स्कूल दोस्रो र तेस्रो स्थान हासिल गर्न सफल भएका थिए । संस्थाको सामाजिक तथा सांस्कृतिक उपसमितिको आयोजना भएको उक्त प्रतियोगिताका विजयी स्कूललाई मध्यपुर थिमि नगरपालिका वडा नं. ४ का वडाध्यक्ष कुमार श्रेष्ठले मेडल र प्रमाणपत्र वितरण गर्नु भएको थियो । संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सभापतित्वमा भएको कार्यक्रममा उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठले स्वागत गर्नुहुँदै संस्थाको गतिविधिबारे प्रकाश पार्नु भएको थियो ।

भक्तपुर जिल्लाका १३ वटा विद्यालयको सहभागिता रहेको उक्त प्रतियोगिताको कार्यक्रम सञ्चालन संस्थाका सदस्य उज्वल श्रेष्ठ गर्नु भएको थियो भने पुरस्कार वितरण कार्यक्रम सञ्चालन उपसमितिका संयोजक पूर्णकेशरी श्रेष्ठले गर्नु भएको थियो । स्थानीय यचु पार्टी भेन्यू, शंखधरचोकमा भएको प्रतियोगितामा संस्थाका सदस्य, विभिन्न विद्यालयक शिक्षक तथा विद्यार्थीहरू र पत्रकारहरूको पनि उपस्थिति रहेको थियो ।

**सहकारी अध्ययन अवलोकन भ्रमण**

– संस्थाको सञ्चालक समितिको तर्फबाट मिति २०७६ कार्तिक २९ र ३० गते नवलपरासी गैंडाकोटस्थित विकू बचत तथा ऋण सहकारी संस्था लि. को अध्ययन अवलोकन भ्रमण गरिएको थियो । संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको नेतृत्वमा गएको टोलीलाई विकूका अध्यक्ष केशवप्रसाद सापकोटा, सचिव गोविन्द रिमाल, प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद सापकोटा, वरिष्ठ अधिकृत गोविन्दप्रसाद सापकोटालगायतले स्वागत गर्नु भएको थियो । उक्त अवसरमा विकू साकोसका गतिविधिबारे संस्थाका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद सापकोटा र बालकुमारी साकोसको गतिविधिबारे संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठले प्रकाश पार्नु भएको थियो । उक्त अवसरमा विकू सहकारीको अध्ययन र दुई सहकारीबीच सहकारी अभियानका बारेमा छलफल भएको थियो । नेफ्स्कुनका प्रशासन तथा समन्वय विभाग प्रमुख शिव अधिकारीको पनि सहभागिता रहेको उक्त भ्रमण टोलीले चितवन, रत्ननगरस्थित युनिक बचत तथा ऋण सहकारी संस्था लि.को पनि अध्ययन अवलोकन गरिएको थियो ।

- नेपाल भ्रमण वर्ष २०२० सुरुसँगै आन्तरिक पर्यटनलाई टेवा पुऱ्याउने तथा सहकारी संस्थाको अध्ययन गर्ने उद्देश्यले संस्थाले मिति २०७६ पुस १९, २० र २१ एवं २०७६ पुस २६, २७ र २८ गते गरी दुई समूहमा शेयर सदस्यहरूलाई बुटवलस्थित लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. र रूपन्देहीस्थित जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.को अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको थियो । उक्त भ्रमणको अवसरमा लुम्बिनी तथा पाल्पास्थित विभिन्न धार्मिक एवं पर्यटकीय स्थलमा पनि भ्रमण गरिएको थियो ।

**जानकारीमूलक सन्देश प्रचारप्रसार**

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ संक्रमणबाट बच्नका शेयर सदस्य तथा स्थानीय महानुभावहरूलाई सचेतना गर्नका लागि संस्थाले मिति २०७६ चैत्र १ गतेदेखि संस्थाको कार्यक्षेत्र रहेको स्थान तथा भक्तपुर जिल्लाको विभिन्न स्थानमा जानकारीमूलक सन्देशको फ्लेक्स राखी सचेतना अभियान सञ्चालन गरिएको थियो । संस्थाको आधिकारिक फेसबुक पेजमा 'कोरोना संक्रमणबाट आफू बच्न र अरुलाई पनि बचाउन' भन्ने सचेतनामूलक सन्देशहरू निरन्तर राखी प्रचारप्रसार गरिएको थियो ।

**निःशुल्क माक्स वितरण**

कारोबारकालागिसंस्थाकोकार्यालयमाआउनुभएकासदस्यतथामहानुभावहरूलाईकोभिड-१९कोसंक्रमणहुनबाटजोगिन मिति २०७६ चैत्र महिनादेखि निरन्तर रूपमा निःशुल्क माक्स वितरण गर्दै आइरहेको जानकारी गराउँदछौं ।

**कोरोना बीमा**

संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र कर्मचारीहरूको कोरोना भाइरस संक्रमणबाट हुन सक्ने जोखिमलाई मध्यनजर गरी मिति २०७७ जेष्ठ ३२ गते कोरोना बीमा गरिएको थियो ।

**क्यालेण्डर प्रकाशन**

संस्थाको प्रचार-प्रसार तथा प्रकाशन उपसमितिको संयोजनमा प्रत्येक वर्ष प्रकाशन गर्दै आएको क्यालेण्डरलाई निरन्तरता दिँदै २०७७ सालको क्यालेण्डर बालकुमारी जात्रा, स्वयम्भू, पाटी विहार, बौद्ध, महाबौद्ध, लुम्बिनीको तस्बिर समावेश गरी प्रकाशन भएको थियो । उक्त क्यालेण्डरमा संस्थाद्वारा विभिन्न समयमा आयोजित कार्यक्रमको गतिविधि तथा शेयर सदस्यलाई जानकारी दिने उद्देश्यले ब्याजदरसमेत समावेश गरिएको थियो ।

**जोखिम व्यवस्थापन कार्यदल गठन**

विश्वमा फैलिएको कोरोना भाइरस संक्रमणबाट बच्न नेपाल सरकारले विभिन्न समयमा लगाएको बन्दाबन्दी, निषेधाज्ञालगायतका कारण संस्थामा हुन सक्ने जोखिमलाई मध्यनजर गरी मिति २०७७ वैशाख ६ गतेको सञ्चालक समितिको बैठकले नेफ्स्कुनले सदस्य संघसंस्थालाई जारी गरिएको महामारीमा सहकारी सेवा व्यवस्थापनसम्बन्धी मागदर्शनअनुसार संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको संयोजकत्वमा सचिव पृथ्वीराम श्रेष्ठ र व्यवस्थापक सुजेन्द्र श्रेष्ठ सदस्य रहेको जोखिम व्यवस्थापन कार्यदल गठन गरिएको थियो । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागले जोखिम व्यवस्थापनका लागि मिति २०७६ साउन ९ गते कार्यदल गठनका लागि परिपत्र जारी गरिएको थियो ।

**महामारीमा सदस्य सुरक्षा**

नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लगाएको बन्दीबन्दी र त्यसपछि भएका निषेधाज्ञामा संस्थाले सदस्यहरूलाई सहज सेवासुविधाका लागि समयानुकूल सूचना प्रकाशित गरी कार्यालय सञ्चालन गरिएको थियो । यस विषम परिस्थितिमा संस्थाले महामारीमा सदस्य सुरक्षाका लागि निम्न कार्यहरू अपनाउँदै आएको थियो ।

- कार्यालय खोल्नुभन्दा अगाडि कार्यालय परिसर र भित्र डिसइन्फेक्सन स्प्रे दैनिक रूपमा छर्किने ।
- कर्मचारीहरूलाई अनिवार्य पीपीइ सेट लगाउने व्यवस्था ।
- आगन्तुक सदस्यहरूलाई अनिवार्य साबुनले हात धुने, सेनिटाइजर र निःशुल्क माक्सको व्यवस्था ।
- कार्यालय प्रवेश गर्नुअघि सदस्यहरूलाई थर्मलगनले ज्वरो नापीमात्र भित्र प्रवेशको व्यवस्था ।
- भौतिक दूरी कायम गरी कारोबार गर्ने व्यवस्था ।

- संस्थाको ग्राउण्ड फ्लोर (भुईंतला) को पार्किङ्ग एरियामा कारोबारका लागि पर्खिने सदस्यलाई भौतिक दूरी कायम गरी बस्ने व्यवस्था।
- नगदबाट हुन सक्ने संक्रमणबाट जोगाउन संस्थाले ३ दिन नगदलाई क्वारेन्टाइनमा राख्ने व्यवस्था।
- संक्रमित सदस्यहरूलाई रिपोट पेमेन्ट माध्यमबाट भुक्तानीको व्यवस्था।
- 'सुरक्षित रहौं, आफू पनि बचौं र अरुलाई पनि बचाऔं' भन्ने सचेतनामूलक सन्देश प्रवाह गर्दै आइरहेको।

**राहत हस्तान्तरण**

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण फैलिन नदिन नेपाल सरकारले लगाएको बन्दाबन्दीको समयमा विपन्नवर्गलाई सहयोग स्वरुप भक्तपुर जिल्लाका चारवटै नगरपालिकामा मिति २०७७ वैशाख ७ गते राहत हस्तान्तरण गरिएको थियो। उक्त अवसरमा संस्थाले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै मध्यपुर थिमि नगरपालिकालाई ५० बोरा नगरप्रमुख मदनसुन्दर श्रेष्ठलाई, सूर्यविनायक नगरपालिकालाई ३० बोरा वडा नं. ८ का अध्यक्ष किरण थापालाई, भक्तपुर नगरपालिकालाई १० बोरा नगरपालिकाको कार्यालयमा र चाँगुनारायण नगरपालिकामा १० बोरा नगरप्रमुख सोम मिश्रलाई गरी १०० बोरा जिरा मसिनो चामल राहत हस्तान्तरण गरिएको थियो।

उक्त कार्यक्रममा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ, उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठ, सचिव पृथ्वीराम श्रेष्ठ, कोषाध्यक्ष सुदिप श्रेष्ठ, सञ्चालक सदस्यहरू भुवनचरण श्रेष्ठ, सुशिला श्रेष्ठ, विशेश्वर श्रेष्ठ र व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता रहेको थियो।

**सहभागिता/तालिम**

- राष्ट्रिय सहकारी बैंक, थिमि शाखाले २०७६ भाद्र ८ गते आयोजित वार्षिक योजना तथा बजेट तर्जुमा तालिममा संस्थाका सञ्चालक रेणु श्रेष्ठको सहभागिता।
- मिति २०७६ असोज २ गतेदेखि ४ गतेसम्म रसियामा भएको इन्टरनेशनल कोअपरेटिभ फोरममा संस्थाका संस्थापक अध्यक्ष एवं सञ्चालक जीवनहरि श्रेष्ठ र निवर्तमान अध्यक्ष एवं सञ्चालक शिवकृष्ण श्रेष्ठको सहभागिता।
- मलेसियामा मिति 26$^{th}$ to 28$^{th}$ September 2019 मा भएको अकू फोरममा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठको सहभागिता।
- मिति 8$^{th}$ to 11$^{th}$ December 2019 सम्म FMDI गुडगाउँ, भारतमा भएको Training programme on cooperative governance for corporate form cooperative from Nepal मा संस्थाका सञ्चालक सदस्य भुवनचरण श्रेष्ठको सहभागिता।
- जिल्ला सहकारी संघ लि. भक्तपुरमा मिति २०७६ असोज ३० गते सम्पन्न २१ औं वार्षिक साधारणसभामा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ प्रतिनिधिको रूपमा सहभागिता।
- राष्ट्रिय सहकारी महासंघ नेपालले मिति २०७६ कार्तिक १९-२० गते सम्पन्न भएको ऋण जोखिम न्यूनिकरण तालिममा संस्थाका उपाध्यक्ष पञ्चकृष्ण श्रेष्ठ र सञ्चालक सदस्य भुवनचरण श्रेष्ठको सहभागिता।
- राष्ट्रिय सहकारी महासंघ नेपालले मिति २०७६ कार्तिक २८ गते सञ्चालित सहकारी ऐन तथा नियमावली अभिमुखिकरणमा संस्थाका संस्थापक अध्यक्ष एवं सञ्चालक जीवनहरि श्रेष्ठ र कोषाध्यक्ष सुदिप श्रेष्ठको सहभागिता।
- १३ औं सागमा दोहोरो स्वर्ण विजेता मन्देकाजी श्रेष्ठलाई मध्यपुर थिमि नगरपालिकाद्वारा आयोजित मिति २०७६ मंसिर २८ गते भएको नगर परिक्रमासहित सम्मान कार्यक्रममा संस्थाका सञ्चालक समिति र कर्मचारीहरूको सहभागिता।
- राष्ट्रिय सहकारी महासंघ लि. नेपालको आयोजनामा मिति २०७६ मंसिर २९ र ३० गते सञ्चालित व्यवस्थापकको क्षमता अभिवृद्धि तालिममा व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता।
- राष्ट्रिय सहकारी बैंक लि. को मिति २०७६ पुस ३ गते सम्पन्न साधारणसभामा संस्थाका सचिव पृथ्वीराम श्रेष्ठ प्रतिनिधिको रूपमा सहभागी।
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन)को मिति २०७६ पुस ४ र ५ गते सम्पन्न साधारणसभामा

संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ प्रतिनिधिको रूपमा सहभागी ।

- राष्ट्रिय सहकारी बैंक लि. को आयोजना २०७६ पुस ६ गतेदेखि ८ गतेसम्म भएको Cooperative Managers Competency Course (CMCC) तालिममा व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता ।
- नेफस्कूनद्वारा सञ्चालित कर्बस् कार्यक्रमअन्तर्गत मिति २०७६ माघ १० गते आयोजित भक्तपुरको सिद्धिगणेश साकोस, पनौतीको सामुदायिक साकोस र काभ्रेको बुडोल सामुदायिक साकोस अध्ययन अवलोकन भ्रमणमा संस्थाका सचिव पृथ्वीराम श्रेष्ठ, संस्थापक अध्यक्ष एवं सञ्चालक जीवनहरि श्रेष्ठ र व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता ।
- राष्ट्रिय सहकारी महासंघद्वारा आयोजित २०७६ माघ २८ गते सम्पन्न सहकारी मार्फत उद्यमशिलता विकास राष्ट्रिय कार्यशाला गोष्ठीमा संस्थापक अध्यक्ष एवं सञ्चालक जीवनहरि श्रेष्ठको सहभागिता ।
- नेफस्कुनद्वारा मिति २०७६ माघ २७ गते आयोजित स्थिरीकरण कोषसम्बन्धी राष्ट्रिय गोष्ठीमा कोषाध्यक्ष सुदिप श्रेष्ठ र व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता ।
- राष्ट्रिय सहकारी महासंघले मिति २०७६ फागुन ७ गते भक्तपुरमा आयोजित सम्पत्ति शुद्धिकरण निवारण तथा जोखिम विश्लेषण तालिममा संस्थाका सञ्चालक रेणु श्रेष्ठ र संस्थाका जुनियर सहायक प्रविण श्रेष्ठको सहभागिता ।
- ११० औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा २०७६ फागुन २० गते जिल्ला सहकारी संघ भक्तपुरले आयोजना गरेको क्यान्सर रोगसम्बन्धी जनचेतना तथा अन्तरक्रिया कार्यक्रममा संस्थाको महिला उपसमितिका संयोजक लीना श्रेष्ठ, सदस्यहरू विमला श्रेष्ठ, सनु श्रेष्ठ, रुपा श्रेष्ठ र सोनी श्रेष्ठको सहभागिता ।
- मिति २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले बन्दाबन्दी (लकडाउन) अवधिमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन) द्वारा भर्चुअल रूपमा आयोजित विभिन्न विषयका कार्यक्रमहरूमा संस्थाका अध्यक्ष तुईलाल श्रेष्ठ, उपाध्यक्ष, पञ्चकृष्ण श्रेष्ठ, सचिव पृथ्वीराम श्रेष्ठ, कोषाध्यक्ष सुदिप श्रेष्ठ, सञ्चालकहरू जीवनहरि श्रेष्ठ, विशेश्वर श्रेष्ठ, भुवनचरण श्रेष्ठलगायत संस्थाका व्यवस्थापक सुजेन्द्र श्रेष्ठको सहभागिता ।
- मिति २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले बन्दाबन्दी (लकडाउन) अवधिमा राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा भर्चुअल रूपमा आयोजित विभिन्न विषयका कार्यक्रमहरूमा संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा व्यवस्थापकको सहभागिता ।
- मिति २०७६ चैत्र ११ गतेदेखि नेपाल सरकारले बन्दाबन्दी (लकडाउन) अवधिमा भक्तपुर बचत तथा ऋण सहकारी संघ लि.द्वारा भर्चुअल रूपमा आयोजित विभिन्न कार्यक्रमहरूमा संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा व्यवस्थापकको सहभागिता ।

**अन्तमा**, यस संस्थाको २० औं वार्षिक साधारणसभा सफल पार्न हाम्रो आतिथ्यतालाई स्वीकार गरी आउनु भएका प्रमुख अतिथि, अतिथिहरू एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, सञ्चारकर्मी, शेयर सदस्य महानुभावहरू, शुभचिन्तकहरू एवं प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्णलाई हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछौं । जय बालकुमारी, जय सहकारी ।

**पृथ्वीराम श्रेष्ठ**
सचिव

# २० औं वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत कोषाध्यक्ष सुदिप श्रेष्ठको आ.व. २०७६/७७ को प्रतिवेदन

२०औं वार्षिक साधारणभसाका सभापति एवं यस संस्थाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरू, संचालक समितिका पदाधिकारीज्यूहरू, लेखासुपरीवेक्षण समितिका संयोजक र सदस्यज्यूहरू, बिभिन्न उपसमितिका पदाधिकारीज्यूहरू, निवर्तमान एवं पूर्व सञ्चालकज्यूहरू, लगनशिल, मिहिनेती एवं दक्ष कर्मचारीहरू, शेयर सदस्य महानुभावहरू, पत्रकार तथा मिडियाकर्मीज्यूहरू तथा नमस्ते ख्वप टिभि तथा सामाजिक सञ्जालमा प्रत्यक्ष प्रसारण हेरिरहनु भएका सम्पूर्ण शेयर सदस्य तथा शुभचिन्तकहरूमा मेरो व्यक्तिगत तथा यस संस्थाको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

**शेयर सदस्य महानुभावहरू**

बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. "आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नतिका लागि सहकारीताको भावनालाई जगाऔं" भन्ने मूल नारालाई आत्मसात गरी २०५७ असोज २ गते, सोमबार स्थापना भएको हो । संस्थाको स्थापनाकालदेखि शेयर सदस्यहरूको अत्यन्तै सह्रानीय सहयोग, सद्भाव र आवश्यक सल्लाह सुझाव हामी प्राप्त गर्दै आएका छौं । बालकुमारी साकोस समुदायमा आधारित संस्था हो, सहकारीको सिद्धान्त, मूल्य-मान्यता र ऐन, नियमावलीलाई पूर्णरुपले पालना गर्दै आइरहेको छ । सहकारी विभागबाट जारी समदर ब्याजदरलाई अक्षरश पालना गर्दै आएको जानकारी पनि गराउन चाहन्छौं ।

**शेयर सदस्य महानुभावहरू**

सरकारले कारोना भाइरस (कोभिड-१९) संक्रमण नियन्त्रण तथा रोकथामका लागि २०७६ चैत्र ११ गतेदेखि २०७७ असार २५ गतेसम्म देशै भरी बन्दाबन्दी (लकडाउन) गरिएको थियो । त्यस पश्चात् पनि स्थानिय सरकार, जिल्ला प्रशासन कार्यालय भक्तपुरले निषेधाज्ञा जारी गरिएको थियो । जोर-विजोर प्रणाली सवारी साधनमा अहिलेसम्म पनि लागु नै छ । बन्दाबन्दी र निषेधज्ञाको समयमा संस्थाको कार्यालय सञ्चालनमा केही चुनौती थपिएता पनि संस्थाले सदस्यलाई प्राथमिकतामा राखी प्रतिकुल अवस्थामा पनि सेवा सञ्चालन भइरहेको यहाँहरूमा अवगत नै छ । यस अवधिमा सुरक्षित तवरले सदस्यहरूलाई घरदैलो सेवा पनि संचालन गरेका थियौं । कार्यालय सञ्चालनका लागि हरसम्भव स्वास्थ्यको मापदण्ड पालना गरी कर्मचारीलाई पिपिई सेट, कार्यालयमा दैनिकरुपमा निर्मलीकरण (Disinfection), स्यानिटाइजर, माक्स, साबुन पानी, भौतिक दुरी कायम गरी संस्था संचालन गरिएको छ । बन्दाबन्दी र निषेधाज्ञाको समयमा ऋणको ब्याजमा १०% छुट र हर्जना र अन्य जरिवाना पूर्णरुपमा छुट गरिएको छ । यसरी संस्थाको नाफामा असर परे पनि सदस्यको हितलाई मध्यनजर गरी, सदस्यलाई राहत पुऱ्याउने संस्थाले प्रयास गरिएको छ ।

यस संस्थाको आ.व. २०७६/७७ को प्रमुख वित्तिय विवरणहरू र आ.व. २०७७/७८ को अनुमानित बजेट यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**१. शेयर पूँजी**

यस संस्थाको शेयर पूँजी आ.व. २०७५/०७६ मा रु. ८,४७,६१,३००।- रहेकोमा यस आ.व. २०७६/७७ मा ४६.२६ प्रतिशतले बृद्धि गरी रु. १२,३९,७०,६००।- पुऱ्याउन सफल भएका छौं भने आगामी वर्ष यसलाई रु. १२,८०,००,०००।- पुऱ्याउने लक्ष्य राखेका छौं ।

**२. जगेडा तथा अन्य कोषहरू**

यस संस्थाको जगेडा तथा अन्य कोषहरू आ.व. २०७५/०७६ मा रु. ३,८६,०९,९५५।- रहेकोमा यस आ.व. २०७६/७७ मा १७.९४ प्रतिशत बृद्धि गरी रु. ४,५५,३८,७२२।- पुऱ्याउन सफल भएका छौं भने आगामी आ.व. मा यसलाई रु. ५,८३,००,०००।- पुऱ्याउने लक्ष्य राखेका छौं ।

**३. बचत**

यस संस्थाको बिभिन्न शीर्षकहरूको निक्षेपमा आ.व. २०७५/०७६ मा रु. १,१८,२३,४३,६२०।- रहेकोमा यस आ.व. २०७६/०७७ मा ९.८९ प्रतिशतले बृद्धि गरी रु. १,२९,९३,०८,९७८।- पुऱ्याउन सफल भएका छौं भने आगामी वर्ष यसलाई रु. १,४५,५०,००,०००।- पुऱ्याउने लक्ष्य राखेका छौं ।

**४. ऋण लगानी**

यस संस्थाको ऋण लगानी आ.व. २०७५/०७६ मा रु. ९५,२२,२७,६०८।- रहेकोमा आ.व. २०७६/७७ मा ११.१३ प्रतिशतले बृद्धि गरी रु. १,०५,८२,१६,३१७।- पुऱ्याउन सफल भएका छौं भने आगामी वर्ष यसलाई रु. १,३०,१४,००,०००।- पुऱ्याउने लक्ष्य राखेका छौं ।

**५. तरलता**

यस संस्थाको तरलता आ.व. २०७५/०७६ मा ३१,२४,७७,३७२।- रहेकोमा आ.व. २०७६/०७७ मा रु. ३६,१६,०१,५७५।- रहेको छ। यसमा हामीले बिभिन्न बैंकको मुद्दती निक्षेपमा राखेको मौज्दातलाई समेत जोडी तरलताको अंक राखेको छ। सो तरलतालाई बिभिन्न बित्तिय संस्थामा सुरक्षित तरिकाले अधिकतम ब्याज आउने गरी लगानी गर्ने व्यवस्था गरिएको छ।

**६. आम्दानी**

यस संस्थाको कुल आम्दानी आ.व. २०७५/०७६ मा रु. १७,३४,६९,५६७।- रहेकोमा आ.व. २०७६/०७७ मा ४.१६ प्रतिशतले बृद्धि गरी रु. १८,०६,७७,९९३।- पुऱ्याउन सफल भएका छौं भने आगामी आ.व.मा यसलाई रु. २१,४३,००,०००।- पुऱ्याउन लक्ष्य राखेका छौं। कोराना (कोभिड-१९) को प्रभावले गर्दा यस संस्थाको आम्दानी लक्ष्य अनुसार नभएपनि सन्तोषजनक नै रहेको छ।

**७. खर्च**

यस संस्थाको कुल खर्च आ.व. २०७५/०७६ मा रु. १५,६७,४४,९९१।- भएकोमा आ.व. २०७६/०७७ मा ४.१२ प्रतिशतले बृद्धि भई रु. १६,३१,९६,५५९।- भएको छ।

**८. सम्पत्ति**

यस संस्थाको सम्पत्ति आ.व. २०७५/०७६ मा रु. ४,५७,०७,६०८।- रहेकोमा आ.व. २०७६/०७७ मा १.०६ प्रतिशतले घटी रु. ४,५२,०६,९२१।- रहेको छ। यस संस्थाको आवश्यकता हेरी सम्पत्ति बृद्धि गर्दै लगिने छ।

**९. राजश्व भुक्तानी**

यस संस्थाले बिभिन्न शिर्षकहरू आ.व. २०७५/०७६ मा रु. ९७,१९,२६१।- भुक्तानी गरिएकोमा आ.व. २०७६/०७७ मा ९६,९४,८६३।- भुक्तानी गरिएको छ। आ.व. २०७७/०७८ मा सरकारको नियम अनुसार राजश्व भुक्तानी गरिनेछ।

**१०. सदस्य**

यस संस्थाको सदस्य आ.व. २०७५/७६ मा ४७९५ जना रहेकोमा आ.व. २०७६/०७७ मा पुरुष २६७२ महिला २२६९ र संस्थागत ६ गरी जम्मा ४९४७ सदस्य पुगेको छ भने आगामी वर्षमा ५,५०० सदस्य पुऱ्याउने लक्ष्य राखेका छौं।

**शेयर सदस्य महानुभावहरू**

अब म २०७३/०७४ देखि २०७६/०७७ को तुलनात्मक आर्थिक झलक र आ.व. २०७७/०७८ को अनुमानित

लक्ष्य प्रस्तुत गर्न चाहन्छु ।

| विवरण | आ.ब २०७३/०७४ | आ.ब २०७४/०७५ | आ.ब २०७५/०७६ | आ.ब २०७६/०७७ | आ.ब २०७७/०७८ को लक्ष्य |
|---|---|---|---|---|---|
| १. शेयर पुँजी | ५,८७,९२,६००।- | ६,८४,७६,७००।- | ८,४७,६१,३००।- | १२,३९,७०,६००।- | १२,८०,००,०००।- |
| २. जगेडा तथा अन्य कोष | २,६२,०८,२८६।- | ३,१८,४२,९४९।- | ४,०२,१५,५१८।- | ४,५५,३८,७२२।- | ५,८३,००,०००।- |
| ३. बचत हिसाब | ९४,१६,०८,५१४।- | १,०५,०३,०५,३५८।- | १,१८,२३,४३,६२१।- | १,२९,९३,०८,९७८।- | १,४५,५०,००,०००।- |
| ४. ऋण लगानी | ७७,०८,२९,०१०।- | ८०,९०,००,५७६।- | ९५,२२,२७,६०८।- | १,०५,८२,१६,३१७।- | १,३०,१४,००,०००।- |
| ५. तरलता | २३,५१,०१,३५४।- | ३१,१५,५०,७७०।- | ३१,२४,७७,३७२।- | ३६,१६,०१,५७५।- | २८,२४,००,०००।- |
| ६. सम्पति | ३,२५,०१,०४६।- | ३,५७,७७,०१२।- | ४,५७,०७,६१०।- | ४,५२,०६,९२१।- | ४,९५,००,०००।- |
| ७. कुल आम्दानी | ११,०९,५०,३४९।- | १५,१४,५८,०३३।- | १७,३४,६९,५९७।- | १८,०६,७७,९९३।- | २१,४३,००,०००।- |
| ८. कुल खर्च | ९,७५,०९,३३२।- | १३,५४,४१,७७४।- | १५,४१,५३,९८३।- | १६,३१,९६,५५९।- | १८,७९,००,०००।- |
| ९. खुद नाफा | ७९,५२,७२३।- | ९४,९३,३५१।- | १,५४,९६,९६४।- | १,६४,२०,८३०।- | २,५१,००,०००।- |
| १०. सदस्य | ४,४३१ | ४,६२३ | ४,७९५ | ४९४७ | ५,५०० |

**आदरणीय शेयर सदस्य महानुभावहरू**

बालकुमारी साकोस यस अवस्थासम्म आइपुग्न समुदाय, शेयर सदस्य तथा सञ्चालकहरूको सामूहिक एकताले नै सम्भव भएको हो । संस्था सफल बनाउनमा सबै समूह (Team) नै लगनशिल भई काम गर्नु पर्छ, दैनिक केही नयाँ काम गर्दै, मिहिनेत गरेमा सदस्यहरूको आर्थिक विकाससँगै समुदायलाई पनि योगदान दिन सक्ने कुरामा कसैको दुईमत नहोला । यो संस्था सफल हुनुमा एक व्यक्तिको मात्र प्रयास नभई समूहको नै प्रयास, मिहिनत र लगनशिलता रहेको छ । संस्थालाई आगामी दिनहरूमा पनि अगाडि बढाउन सदस्यहरूबाट सुझाव र सरसल्लाह सदैव पाउने हामीले अपेक्षा राखेका छौं ।

अन्तमा, संस्थाको निरन्तर प्रगतिपथको यात्रामा सहयोग गर्नु हुने सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), जिल्ला सहकारी संघ, राष्ट्रिय सहकारी बैंक लि., भक्तपुर बचत तथा ऋण सहकारी संघ लि., शेयर सदस्य, शुभचिन्तक, सञ्चारकर्मीलगायत सहकारीसँग सम्बन्धित निकायहरूप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरूमा पनि निरन्तर सहयोग, सद्भाव तथा मार्गनिर्देशनको अपेक्षा राख्दछौं । जय सहकारी । धन्यवाद ।

**सुदिप श्रेष्ठ**
कोषाध्यक्ष

# २० औं बार्षिक साधारणसभामा लेखासुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन आ.व. २०७६/०७७

**आदरणीय शेयर सदस्य महानुभावज्यूहरू,**

यस बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक कारोबारहरूको आन्तरिक लेखा तथा अन्य गतिविधिहरूको सुपरिवेक्षण गर्न लेखा सुपरिवेक्षण समितिलाई सुम्पिएको जिम्मेवारी अनुसार हामीले सुपरिवेक्षण कार्य सम्पन्न गरेका छौं । हामीलाई जिम्मेवारी सुम्पिएकोमा यहाँहरू प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यबाद ज्ञापन गर्दछौं ।

हामीलाई सुम्पिनु भएको जिम्मेवारीलाई ध्यानमा राखी संस्थाको आर्थिक बर्ष २०७६/०७७ को आर्थिक कारोबारहरू तथा अन्य संस्थाका गतिविधिहरूलाई पनि गहन रुपमा अध्ययन गरिएको यहाँहरू सम्पूर्णमा अवगत गराउँछौं । जस अन्तर्गत सदस्यहरूबाट प्राप्त बचत तथा बचत फिर्ता रकमको लेखा दुरुस्त छ/छैन । ऋण लगानी गरेको अभिलेखहरू ठीकसँग राखेको छ/छैन । ऋण असुल गरेको अभिलेखहरू ठीक छ/छैन । समयमा व्याज असुल भए/नभएको साथ साथै विलम्ब शुल्क असूल भए/नभएको । संस्थाको जिन्सी सम्पत्तिको अभिलेख भए/नभएको, संस्थाको सम्पूर्ण आम्दानी खर्चहरूको लेखा दुरुस्त भए/नभएको तथा विनियम अनुसारको कार्य सम्पादन भएको छ/छैन । सो समेत अध्ययन गरी आन्तरिक लेखा सुपरिवेक्षण गरिएको यहाँहरूमा जानकारी गराउँदछौं ।

लेखा सुपरिवेक्षण गर्दा देखिएका त्रुटिहरूको संचालक समिति तथा कर्मचारीहरूलाई आवश्यक सल्लाह, सुझावहरू दिएका छौं । आर्थिक बर्ष २०७६/०७७ को बार्षिक लेखा सुपरिवेक्षण प्रतिवेदन निम्नानुसार रहेकाछन् ।

१) संस्थाको शेयरपूँजी बृद्धि भएको साकोसको बृद्धि विकासका लागि सकारात्मक देखिन्छ ।

२) संस्थाको पूँजी, ऋण लगानी र विभिन्न कोषहरूको स्थिति, नगद तथा बैंक मौज्दात, आम्दानी तथा खर्चहरूको हिसाब किताब दुरुस्त राखिएको छ ।

३) समय समयमा व्याज दर परिवर्तन गरी आवश्यकता अनुसार बचत तथा ऋण नीति संसोधन गरी लागु गरिएको देखिन्छ ।

४) विश्वव्यापी रुपमा फैलिएको महामारी कोभिड-१९ ले संस्थाको आर्थिक कारोवार तथा अन्य गतिविधिहरूमा पनि असर गरिएको देखिन्छ ।

५) यस साकोस नेफ्स्कुनद्धारा संचालित “जोखिममा आधारित साकोस सुपरिवेक्षण तथा अनुगमन कार्यक्रम” अन्तरगतका कार्यहरू भएको देखिन्छ ।

६) सहकारी विभागबाट जारी भएका नीति निर्देशन र सुझावहरूको पालना भएको पाइन्छ ।

७) कर्मचारी प्रशासन सम्बन्धि व्यवस्था निम्न बमोजिम रहेको छ ।

   क) संस्थाको कर्मचारीहरूको तलब बृद्धि गरिएको छ । साथै तलबको १०% कर्मचारी संचयकोष कट्टा गरिएकोमा शत प्रतिशत थप गरी जम्मा गरिएको छ ।

   ख) संस्थामा हाल १४ जना कर्मचारीहरू कार्यरत रहेका छन् ।

८) आर्थिक बर्ष २०७६/०७७ मा शेयर सदस्यहरूको संख्या निम्न बमोजिम छन् ।

| | | |
|---|---|---|
| जम्मा शेयर सदस्य | - | ४९४७ |
| पुरुष | - | २६७२ |
| महिला | - | २२६९ |
| संस्थागत | - | ६ |

९) संस्थाको समिति उपसमितिहरूको बैठक संख्याको विवरण तलउल्लेख गरिएकाछन्।

| | | |
|---|---|---|
| क) संचालक समिति | - | ५३ पटक |
| ख) लेखासुपरीवेक्षण समिति | - | १० पटक |
| ग) ऋण उपसमिति | - | २९ पटक |
| घ) ऋण असूली उपसमिति | - | ३४ पटक |
| ङ) जोखिम व्यवस्थापन कार्यदल | - | ५ पटक |
| च) जोखिममा आधारित साकोस सुपरिवेक्षण तथा अनुगमण उपसमिति | - | ४ पटक |
| छ) सफ्टवेयर अध्ययन उपसमिति | - | ५ पटक |

ज) सामान खरीद उपसमिति - ६ पटक
झ) साधारण सभा तथा स्थापना दिवश तयारी उपसमिति - ९ पटक
ञ) बजेट निर्माण उपसमिति - ९ पटक
ट) नियमित बचत, सदस्य राहत कोष र सदस्य वीमा उपसमिति - ५ पटक
ठ) सामाजिक तथा सांस्कृतिक उपसमिति - १२ पटक
ड) महिला उपसमिति - ६ पटक
ढ) प्रचार प्रसार तथा प्रकाशन उपसमिति - ३ पटक
ण) शिक्षा तथा स्वास्थ्य उपसमिति - १० पटक
त) युवा उपसमिति - ४ पटक
थ) कर्मचारी बैठक - ९ पटक

१०) वित्तिय अवस्थाको विश्लेषण निम्न तुलनात्मक रुपमा प्रस्तुत गर्दछौं ।

| क्र.सं. | विवरण | गत आ.व. को यर्थाथ | आ.व. २०७६/०७७ को अनुमानित | आ.व. २०७६/०७७ को यर्थाथ | प्रगति प्रतिशत (%) | प्राप्त प्रगति (%) |
|---|---|---|---|---|---|---|
| १. | सदस्य संख्या | ४७९५ | ५५०० | ४९४७ | ३.१७ | ८९.९५ |
| २. | शेयर पूंजी | ८,४७,६१,३००।- | १०,४१,७०,०००।- | १२,३९,७०,६००।- | ४६.२६ | ११९ |
| ३. | बचत (निक्षेप) | १,१८,२३,४३,६२०।- | १,३६,०८,२०,०००।- | १,२९,९३,०८,९७८।- | ९.८९ | ९५.४८ |
| ४. | ऋण लगानी | ९५,२२,२७,६०८।- | १,१६,५२,६२,०००।- | १,०५,८२,१६,३१७।- | ११.१३ | ९०.८१ |
| ५. | सम्पति | ४,५७,०७,६०८।- | ५,००,२०,०००।- | ४,५२,०६,९२१।- | (१.१०) | ९०.३८ |
| ६. | व्याज आम्दानी | १३,१३,३३,५४६।- | १५,०९,४५,३०२।- | १३,९१,२६,४७८।- | ५.९३ | ९२.१७ |
| ७. | व्याज खर्च | १२,३३,७०,९०३।- | १२,९७,९१,२६४।- | १३,७५,४१,०७१।- | ११.४९ | १०५.९७ |
| ८. | अन्य संचालन आम्दानी | १,१८,८१,८००।- | ४,११,१७,३७६।- | १,०७,५४,७५७।- | (९.४९) | २६.१६ |
| ९. | कार्य संचालन तथा कार्यक्रम खर्च | ३,०७,८३,०७९।- | ३,६७,७९,८६७।- | २,५३,१२,४७६।- | (१७.७७) | ६८.८२ |
| १०. | आय कर कट्टी | १२,२७,६४१।- | आवश्यकतानुसार | १०,६०,६०४।- | (१३.६०) | — |
| ११. | खुदनाफा | १,५४,९६,९६५।- | २,१३,६६,९७०।- | १,६४,२०,८३०।- | ५.९६ | ७६.८५ |

११) सहकारी मापदण्ड २०६८ अनुसार पर्ल्सको सिद्धान्त अपनाई आर्थिक विश्लेषण गरिएको छ।
१२) संस्थाको लागि आवश्यक तरलता सुरक्षितका साथ विभिन्न बैक, वित्तिय संस्थामा राखिएको छ।
१३) संस्थामा निक्षेप बृद्धि तथा ऋण लगानी सम्बन्धि नयाँ श्रोत पहिचान गरी संस्था अधि बढाउनु पर्ने देखिन्छ।
१४) लेखा सुपरिवेक्षणको क्रममा औंल्याएका कमी कमजोरीहरू तथा दिइएका सुझावहरूलाई सुधार गरिएको देखिन्छ।
१५) संस्थाको ढुकुटीमा रहेको रकम, काउन्टरको रकम र मार्गस्थ रकमको बीमा गरिएको छ।

अन्तमा आन्तरिक लेखा सुपरिवेक्षण गर्ने क्रममा सहयोग गर्नु हुने संचालकज्यूहरू एवं कर्मचारीज्यूहरूमा हार्दिक धन्यबाद ज्ञापन गर्दछौं। साथै संस्थाको आगामी दिनहरूमा पनि अझ उत्तरोत्तर प्रगति तथा सफलता प्राप्त गर्दै जाऊन भन्ने शुभकामना व्यक्त गर्दछौ। धन्यबाद, जय सहकारी।

श्याम लक्ष्मी श्रेष्ठ
सदस्य

राधिका श्रेष्ठ
सदस्य

जय लक्ष्मी श्रेष्ठ
संयोजक

A. Shrestha & Associates
Chartered Accountants
Regd. No. - 379/067/68

# स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**श्री शेयर सदस्य महानुभावहरू,**
**बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.**
**शंखधरचोक, मध्यपुर थिमि नगरपालिका ४, भक्तपुर ।**

**आ.व. २०७६/७७ को लेखापरिक्षणको प्रतिवेदन**

हामीले बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि. वित्तीय विवरण, जसले २०७७ साल आषाढ मसान्तको स्थिति विवरण पत्र (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/०७७ को आय विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरूसँग सम्बन्धित निति तथा टिप्पणीहरूको विवरण समावेश गर्दछ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**हाम्रो राय**
हामी यस प्रतिवेदनमा उल्लेखित आधारमा लेखापरीक्षण गरी निम्न अनुसारको राय पेश गर्दछौं:

१. लेखापरीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेका सुचना तथा स्पष्टिकरणहरू उपलब्ध भएका छन् ।
२. यस प्रतिवेदनमा सम्बन्धित स्थिति विवरण पत्र (वासलात) र आय विवरण तथा तत्सम्बधी अनुसुचीहरू संस्थाले राखेको हिसाबसँग दुरुस्त रहेका छन् ।
३. नेपाल लेखामान बोर्ड (ASB) ले जारी गरेको तथा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAN) द्वारा वित्तिय विवरण प्रस्तुती सम्बन्धि लागु गरिएको नेपाल वित्तिय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तिय विवरण तयार नभएकोले सँस्थाको वित्तिय विवरण उपर कुनै पनि राय व्यक्त गरिएको छैन ।
४. ऋण नोक्सानी व्यवस्था
ऋण नोक्सानी व्यवस्था गर्दा संस्थाले नेपाल सरकार, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभागको मापदण्डमा उल्लेखित व्यवस्था अनुसार यस आ.ब. को अन्त्यमा जम्मा असूल हुन बाँकी ऋणलाई भाका नाघेको आधारमा असल, शंकास्पद तथा खराव गरि तीन वर्गमा वर्गिकरण गरि क्रमशः १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले ऋण नोक्सानी व्यवस्था गर्नुपर्नेमा सो बमोजिम गरिएको छ । तर संस्थाले २०७७ श्रावण मसान्त सम्ममा नविकरण साथै चुक्ता गरिएको ऋणलाई पनि असल ऋणमा बर्गीकरण गरेको र असार मसान्तसम्म भाखा नाघेको रु. ३३,४५९,२३६.०० लाई कोभिड-१९ को कारणले संस्थाको मुल्यांकन र संचालक समितिको निर्णय अनुसार ऋण तिर्ने म्याद थपि असल ऋणमा नै बर्गीकरण गरेको छ ।
५. सदस्य प्रोत्साहन खर्च
यस आ.ब.मा संस्थाले शेयर सदस्यहरूलाई शेयर लाभांस बाहेक नै शेयर सदस्य प्रोत्साहन खर्च शिर्षकमा खर्च लेखाङ्कन गरि रु. ४२,३८,०६५.०० रकम, २०७६ आषाढ मसान्तको शेयर पूँजीको ५ प्रतिशतको दरले शेयर सदस्यलाई वितरण गरेको पाईयो ।
६. यस संस्थाले वित्तिय विवरण विगत बर्षहरूमा प्रस्तुत गरेको ढाँचाहरूमा नै तयार गरेको छ । हाम्रो रायका अन्य बुदाँहरू र मुख्य लेखापरीक्षण व्यहोराहरूले पार्ने असर बाहेक हामीले पाएसम्मको सूचना, दिईएको स्पष्टीकरण र संलग्न लेखा नीती तथा टिप्पणीहरूलाई साथै अध्ययन गर्दा हाम्रो रायमा २०७७ आषाढ ३१ गतेको वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक संचालन नतिजा साथै उक्त अवधीको नगद प्रवाह विवरणले उचित तथा यथार्थ विवरण चित्रण गर्दछ ।

**मुख्य लेखापरिक्षण व्यहोराहरू**
मुख्य लेखापरिक्षण व्यहोराहरू यसै साथ छुट्टै अनुसुचीमा संलग्न गरेका छौं ।

**व्यवस्थापनका उत्तरदायित्वहरू**
प्रचलित कानून तथा नेपाल लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.को व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरू पर्दछन् ।

**लेखापरिक्षकको उत्तरदायित्वहरू**
लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । लेखापरीक्षण प्रकृयाले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

प्रस्तुत वित्तीय विवरणहरू माथि लेखापरिक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हामो उत्तरदायित्व हो ।

स्थान : काठमाण्डौ
मिति :२०७७।०६।२७

A. Shrestha & Associates, Kathmandu Nepal, Chartered Accountants

**सिए. आनन्द श्रेष्ठ**
**ए. श्रेष्ठ एण्ड एसोसिएट्स**
**चार्टर्ड एकाउन्टेन्ट्स**
UDIN: 201019CA00490kzouM

Kathmandu, Nepal
E-mail: anandshrestha0@gmail.com, Tel: 01-4362271

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

२०७७ आषाढ, ३१ को

## स्थिति विवरण पत्र (वासलात)

| विवरण | अनुसुची | २०७७.०३.३१ को (रू.) | २०७६.०३.३१ को (रू.) |
|---|---|---|---|
| **पूँजी तथा दायित्व हिसाब** | | | |
| शेयर पूँजी | १ | १२३,९७०,६००.०० | ८४,७६१,३००.०० |
| जगेडा तथा अन्य कोषहरु | २ | ४५,५३८,७२२.०० | ३८,६०९,९५५.०० |
| बचत हिसाब | ३ | १,२९९,३०८,९७८.०० | १,१८२,३४३,६२०.०० |
| भुक्तानी दिन बाँकी हिसाब | ४ | ९,३२०,८९६.०० | ९,०८१,७६८.०० |
| अन्य दायित्व | ५ | ४६,४८८,११७.०० | २६,३९७,८५४.०० |
| **जम्मा पूँजी तथा दायित्व** | | १,५२४,६२७,३१३.०० | १,३४१,१९४,४९७.०० |
| **सम्पति तथा जायदात हिसाब** | | | |
| सम्पत्ति तथा उपकरण | ६ | ४५,२०६,९२१.०० | ४५,७०७,६०८.०० |
| ऋण लगानी हिसाब | ७ | १,०५८,२१६,३१७.०० | ९५२,२२७,६०८.०० |
| लगानी हिसाब | ८ | २३९,७६९,६३८.०० | २२६,३६९,६३८.०० |
| पाउनु पर्ने हिसाब | ९ | ५१,०३२,८६२.०० | २४,६१२,२७१.०० |
| नगद तथा बैंक मौज्दात | १० | १३०,४०१,५७५.०० | ९२,२७७,३७२.०० |
| **जम्मा** | | १,५२४,६२७,३१३.०० | १,३४१,१९४,४९७.०० |

*हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा*

सुदिप श्रेष्ठ
कोषाध्यक्ष

पृथ्वीराम श्रेष्ठ
सचिव

पञ्चकृष्ण श्रेष्ठ
उपाध्यक्ष

तुईलाल श्रेष्ठ
अध्यक्ष

सुशिला श्रेष्ठ
सञ्चालक

भुवनचरण श्रेष्ठ
सञ्चालक

जगतकृष्ण श्रेष्ठ
सञ्चालक

शिवकृष्ण श्रेष्ठ
सञ्चालक

जीवनहरि श्रेष्ठ
सञ्चालक

रेनु श्रेष्ठ
सञ्चालक

विशेश्वर श्रेष्ठ
सञ्चालक

जयलक्ष्मी श्रेष्ठ
संयोजक
लेखा सुपरीवेक्षण समिति

सुजेन्द्र श्रेष्ठ
व्यवस्थापक

सिए. आनन्द श्रेष्ठ
ए. श्रेष्ठ एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

A. Shrestha & Associates Kathmandu Nepal Chartered Accountants

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

२०७६ साउन १ गते देखि २०७७ आषाढ मसान्तसम्मको

## आय विवरण (नाफा नोक्सान हिसाब)

| विवरण | अनुसुची | आ.ब. २०७६।७७ | आ.ब. २०७५।७६ |
|---|---|---|---|
| ऋण लगानीमा ब्याज आम्दानी | ११ | १३९,१२६,४७८.०० | १३१,३३३,५४६.०० |
| निक्षेपमा ब्याज खर्च | १२ | (१३७,५४१,०७१.००) | (१२३,३७०,९०३.००) |
| **खुद ब्याज आम्दानी** | | १,५८५,४०८.०० | ७,९६२,६४३.०० |
| कर्जाको जोखिम व्यवस्था/(फिर्ता तथा अन्य नोक्सानी) | | ३४३,०१२.०० | २,५९१,००९.०० |
| **कर्जाको घाटा पछिको खुद ब्याज आम्दानी** | | १,२४२,३९५.०० | ५,३७१,६३४.०० |
| बैंक खातामा ब्याज आम्दानी | ११ | ३०,७९६,७५८.०० | ३०,२५४,२५१.०० |
| अन्य आम्दानी | १३ | १०,७५४,७५७.०० | ११,८८१,८००.०० |
| **कुल सञ्चालन आम्दानी (क)** | | ४२,७९३,९१०.०० | ४७,५०७,६८५.०० |
| <u>खर्चहरु</u> | | | |
| कर्मचारी खर्च | १४ | ४,८६५,६३४.०० | ४,२५४,२६३.०० |
| ह्रास कट्टी र परिषोधन | ६ | २,१४२,८२०.०० | १,१२१,६४९.०० |
| सञ्चालन खर्च | १५ | ६,४०४,९७१.०० | ७,४४०,८५६.०० |
| कार्यक्रम खर्च | १६ | ११,७७६,६२२.०० | १७,८६५,७९५.०० |
| मर्मत तथा संम्भार खर्च | १७ | १२२,४२९.०० | १००,५१६.०० |
| **जम्मा खर्च (ख)** | | २५,३१२,४७६.०० | ३०,७८३,०७९.०० |
| **आयकर अघिको नाफा वा (नोक्सान)** | | १७,४८१,४३४.०० | १६,७२४,६०६.०० |
| आयकर व्यवस्था | | (१,०६०,६०४.००) | (१,२२७,६४१.००) |
| **आयकर पछिको खुद नाफा वा (नोक्सान)** | | १६,४२०,८३०.०० | १५,४९६,९६५.०० |

*हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा*

| | | | |
|---|---|---|---|
| सुदिप श्रेष्ठ<br>कोषाध्यक्ष | पृथ्वीराम श्रेष्ठ<br>सचिव | पञ्चकृष्ण श्रेष्ठ<br>उपाध्यक्ष | तुईलाल श्रेष्ठ<br>अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| सुशिला श्रेष्ठ<br>सञ्चालक | भुवनचरण श्रेष्ठ<br>सञ्चालक | जगतकृष्ण श्रेष्ठ<br>सञ्चालक | शिवकृष्ण श्रेष्ठ<br>सञ्चालक | जीवनहरि श्रेष्ठ<br>सञ्चालक |
| रेनु श्रेष्ठ<br>सञ्चालक | विशेश्वर श्रेष्ठ<br>सञ्चालक | जयलक्ष्मी श्रेष्ठ<br>संयोजक<br>लेखा सुपरीवेक्षण समिति | सुजेन्द्र श्रेष्ठ<br>व्यवस्थापक | सिए. आनन्द श्रेष्ठ<br>ए. श्रेष्ठ एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

२०७७ आषाढ, ३१ को

## नगद प्रबाह बिबरण

| विवरण | २०७७.०३.३१ को (रू.) | २०७६.०३.३१ को (रू.) |
|---|---|---|
| **(क) संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | १७,४८१,४३४.०७ | १६,७२४,६०६.०० |
| ह्रास कट्टी र परिषोधन | २,१४२,८१९.५१ | १,१२१,६४९.०० |
| लाभांश प्राप्ती | (७००,४०३.०१) | (५४४,७४१.००) |
| निक्षेपमा (ह्रास) बृद्धी | ११६,९६५,३५७.६० | १३२,०३८,२६२.०० |
| भुक्तानी दिन बाँकि हिसाबमा (कमी) बृद्धि | २३९,१२८.१४ | २११,३५५.०० |
| अन्य दायित्वमा (कमी) बृद्धि | २०,०९०,२६३.४१ | (४,१३७,१२५.००) |
| कर्जा सापटमा (बृद्धी) ह्रास | (१०५,९८८,७०९.००) | (१४०,६३६,०२३.००) |
| पाउनुपर्ने हिसाबमा (बृद्धि) कमी | (२६,४२०,५९१.५०) | १,५५७,९१६.०० |
| कोषमा थप वा (घट) | (१,५८७,३१७.८७) | (१,८०५,१३१.७१) |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | २२,२२१,९८१.३५ | ४,५३०,७६७.२९ |
| **(ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर लगानीमा (बृद्धी) ह्रास | (२,४००,०००.००) | (२,६२३,०००.००) |
| मुद्दती लगानीमा (बृद्धी) ह्रास | (११,०००,०००.००) | (५२,३०६,३७१.७८) |
| सम्पत्ति तथा उपकरण बिक्रि (खरिद) | (१,६४२,१३२.१४) | (११,०५२,२४७.००) |
| लाभांश प्राप्ती | ७००,४०३.०१ | ५४४,७४१.०० |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | (१४,३४१,७२९.१३) | (६५,४३६,८७७.७८) |
| **(ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | |
| शेयर पूँजीमा बृद्धी/(ह्रास) | ३९,२०९,३००.०० | १६,२८४,६००.०० |
| लाभांश भुक्तानी | (८,९६५,३४९.२४) | (६,७५८,२५९.२९) |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह (ग)** | ३०,२४३,९५०.७६ | ९,५२६,३४०.७१ |
| **खुद नगद प्रवाह (क) + (ख) + (ग)** | ३८,१२४,२०२.९८ | (५१,३७९,७६९.७८) |
| **नगद तथा बैंकको शुरु मौज्दात** | ९२,२७७,३७२.०० | १४३,६५७,१४१.७८ |
| **जम्मा** | १३०,४०१,५७४.९८ | ९२,२७७,३७२.०० |
| **नगद तथा बैंकको अन्तिम मौज्दात** | १३०,४०१,५७४.९८ | ९२,२७७,३७२.०० |

*हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा*

| | | | |
|---|---|---|---|
| सुदिप श्रेष्ठ<br>कोषाध्यक्ष | पृथ्वीराम श्रेष्ठ<br>सचिव | पञ्चकृष्ण श्रेष्ठ<br>उपाध्यक्ष | तुईलाल श्रेष्ठ<br>अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| सुशिला श्रेष्ठ<br>सञ्चालक | भुवनचरण श्रेष्ठ<br>सञ्चालक | जगतकृष्ण श्रेष्ठ<br>सञ्चालक | शिवकृष्ण श्रेष्ठ<br>सञ्चालक | जीवनहरि श्रेष्ठ<br>सञ्चालक |
| रेनु श्रेष्ठ<br>सञ्चालक | विशेश्वर श्रेष्ठ<br>सञ्चालक | जयलक्ष्मी श्रेष्ठ<br>संयोजक<br>लेखा सुपरीवेक्षण समिति | सुजेन्द्र श्रेष्ठ<br>व्यवस्थापक | सिए. आनन्द श्रेष्ठ<br>ए. श्रेष्ठ एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

२०७७ आषाढ, ३१ को

## इक्वीटिमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूँजी | जगेडा कोष | सहकारी प्रबर्द्धन कोष ०.५% | संरक्षित पूँजी फिर्ता कोष २५% | अन्य कोषहरु | जम्मा |
|---|---|---|---|---|---|---|
| **२०७६ श्रावन १ को मौज्दात** | ८४,७६१,३००.०० | २६,९४५,८७९.०० | ९३,७१४.०० | २,९०५,६८१.०० | ८,६६४,६८१.०० | १२३,३७१,२५५.०० |
| यस वर्षको नाफा | - | ४,१०५,२०८.०० | ६१,५७८.०० | ३,०७८,९०६.०० | ९,१७५,१३९.०० | १६,४२०,८३०.०० |
| अन्य विस्तृत आम्दानी | - | - | - | - | - | - |
| शेयर पूँजीमा बृद्धी/(ह्रास) | ३९,२०९,३००.०० | - | - | - | - | ३९,२०९,३००.०० |
| कोषमा समायोजन | - | २,१६५,०००.०० | (९३,७१४.००) | (२,९०४,९१६.००) | (८,६५८,४३३.००) | (९,४९२,०६३.००) |
| अन्य समायोजन | - | - | - | - | - | - |
| **जम्मा योगदान तथा बाँडफाँड** | ३९,२०९,३००.०० | ६,२७०,२०८.०० | (३२,१३६.००) | १७३,९८९.०० | ५१६,७०६.०० | ४६,१३८,०६७.०० |
| **२०७७ आषाढ अन्तिमको मौज्दात** | १२३,९७०,६००.०० | ३३,२१६,०८७.०० | ६१,५७८.०० | ३,०७९,६७०.०० | ९,१८१,३८७.०० | १६९,५०९,३२२.०० |

| | | | |
|---|---|---|---|
| सुदिप श्रेष्ठ<br>कोषाध्यक्ष | पृथ्वीराम श्रेष्ठ<br>सचिव | पञ्चकृष्ण श्रेष्ठ<br>उपाध्यक्ष | तुईलाल श्रेष्ठ<br>अध्यक्ष |

| | | | | |
|---|---|---|---|---|
| सुशिला श्रेष्ठ<br>सञ्चालक | भुवनचरण श्रेष्ठ<br>सञ्चालक | जगतकृष्ण श्रेष्ठ<br>सञ्चालक | शिवकृष्ण श्रेष्ठ<br>सञ्चालक | जीवनहरि श्रेष्ठ<br>सञ्चालक |
| रेनु श्रेष्ठ<br>सञ्चालक | विशेश्वर श्रेष्ठ<br>सञ्चालक | जयलक्ष्मी श्रेष्ठ<br>संयोजक<br>लेखा सुपरीवेक्षण समिति | सुजेन्द्र श्रेष्ठ<br>व्यवस्थापक | सिए. आनन्द श्रेष्ठ<br>ए. श्रेष्ठ एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट |

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

वासलातसँग सम्बन्धित अनुसुचीहरु

## शेयर पूँजी

अनुसूची १

| विवरण | २०७७.०३.३१ को (रू.) | २०७६.०३.३१ को (रू.) |
|---|---|---|
| शेयर पूँजी (प्रति शेयर रु.१००) | १२३,९७०,६००.०० | ८४,७६१,३००.०० |
| जम्मा | १२३,९७०,६००.०० | ८४,७६१,३००.०० |

## जगेडा तथा अन्य कोष

अनुसूची २

| विवरण | समायोजन | यस वर्षमा जम्मा | २०७७.०३.३१ को (रू.) | २०७६.०३.३१ को (रू.) |
|---|---|---|---|---|
| जगेडा कोष | २,१६५,०००.१३ | ४,१०५,२०८.०० | ३३,२१६,०८७.०० | २६,९४५,८७९.०० |
| अन्य कोषहरु | | | – | |
| संरक्षित पूँजी फिर्ता कोष २५% | (२,९०४,९१६.००) | ३,०७८,९०६.०० | ३,०७९,६७०.०० | २,९०५,६८१.०० |
| सहकारी प्रबर्द्धन कोष ०.५% | (९३,७१४.००) | ६१,५७८.०० | ६१,५७८.०० | ९३,७१४.०० |
| जम्मा | (२,९९८,६३०.००) | ३,१४०,४८४.०० | ३,१४१,२४९.०० | २,९९९,३९५.०० |
| शेयर लाभांश कोष ६५% | (६,०६०,४३३.००) | ५,९६३,८४०.०० | ५,९७०,०८८.०० | ६,०६६,६८१.०० |
| सहकारी शिक्षा कोष ५% | (४३३,०००.००) | ४५८,७५७.०० | ४५८,७५७.०० | ४३३,०००.०० |
| सहकारी विकास कोष ५% | (४३३,०००.००) | ४५८,७५७.०० | ४५८,७५७.०० | ४३३,०००.०० |
| कर्मचारी वोनस कोष ५% | (४३३,०००.००) | ४५८,७५७.०० | ४५८,७५७.०० | ४३३,०००.०० |
| घाटा पूर्ति कोष ५% | (४३३,०००.००) | ४५८,७५७.०० | ४५८,७५७.०० | ४३३,०००.०० |
| स्थिरीकरण कोष ५% | – | ४५८,७५७.०० | ४५८,७५७.०० | – |
| सामुदायीक विकास कोष ५% | (४३३,०००.००) | ४५८,७५७.०० | ४५८,७५७.०० | ४३३,०००.०० |
| अन्य जोखिम व्यवस्था कोष ५% | (४३३,०००.००) | ४५८,७५७.०० | ४५८,७५७.०० | ४३३,०००.०० |
| जम्मा | (८,६५८,४३३.००) | ९,१७५,१३९.०० | ९,१८१,३८७.०० | ८,६६४,६८१.०० |
| कुल जम्मा | (९,४९२,०६३.००) | १६,४२०,८३०.०० | ४५,५३८,७२२.०० | ३८,६०९,९५५.०० |

## सदस्य बचत हिसाब

अनुसुची ३

| विवरण | २०७७.०३.३१ को (रू.) | २०७६.०३.३१ को (रू.) |
|---|---|---|
| दैनिक बचत | ८,३२४,८६४.०० | १४,२६६,२८७.०० |
| साप्ताहिक बचत | ७८७,८३२.०० | १,३९३,६०२.०० |
| मासिक बचत | ११,३९६,६८१.०० | ११,१७८,३१४.०० |
| ऐच्छिक बचत | ७९,८९४,९८३.०० | ८६,२६५,६७२.०० |
| आवधिक बचत | ३६७,०००,९३४.०० | ३३१,९२७,६९२.०० |
| बार्षिक आवधिक बचत | ५३५,२३७,८९१.०० | ४९१,२१२,१९०.०० |
| अनिवार्य बचत | १,२४४,३१९.०० | १९१,५४६.०० |
| बाल बचत | १५,९२२,९०३.०० | १२,८०६,५०४.०० |
| बालकुमारी स्पेशल वचत | २१४,७७२,५७६.०० | २२८,९७६,९६१.०० |
| कर्मचारी सञ्चय कोष | ३,९०६,९९६.०० | ३,६८९,३६४.०० |
| अक्षय कोष खाता | ४३९,७६३.०० | ४३५,४८८.०० |
| नारी बचत | १९,२८०,०४९.०० | – |
| जेष्ठ नागरिक बचत | ४१,०९९,१८९.०० | – |
| जम्मा | १,२९९,३०८,९७८.०० | १,१८२,३४३,६२०.०० |

# बालकुमारी बचत तथा ऋण सहकारी संस्था लि.

शंखधर चोक, मध्यपुर थिमि–४, भक्तपुर

वासलातसँग सम्बन्धित अनुसुचीहरु

## भुक्तानी दिनुपर्ने हिसाब

अनुसुची ४

